नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395


राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरण आवश्यकः मन्त्री पुन




पृष्ठ ५ मा


● वर्ष ४ ● अंक २०८ ● २०८३ साल असार ०२ गते मंगलबार ● Tuesday 16, June 2026 ● सूर्योदय: बिहान ०५:११ बजे ● सूर्यास्त: साँझ ०७:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


# मधेशको बजेट ४१ अर्ब १३ करोड रुपैयाँ







**मधेशदृष्टि**
**जनकपुरधाम।**
देशका सातै प्रदेश सरकारले ल्याएको बजेटमा केही रकम घटेको छ। विगतमा ल्याइएका बजेट कार्यान्वयनमा समस्या हुँदा प्रभावकारी नभएपछि यसपटक प्रदेश सरकारहरुले ल्याएको बजेटमा केही रकम घटेको हो। यो क्रम मधेश प्रदेश सरकारको बजेटमा पनि देखिएको छ। सोमबार मधेश सरकारले ल्याएको आर्थिक वर्ष २०८३–८४ को बजेट ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको छ।

अर्थमन्त्री युवराज भट्टराईले राजस्व तथा व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै बजेट घोषणा गरेका थिए। चालु आर्थिक वर्ष २०८२–८३ का लागि अघिल्लो सरकारले ४६ अर्ब ५८ करोड रुपैयाँको बजेट ल्याएको थियो। यसपटकको बजेट गत वर्षको तुलनामा करिब १३ प्रतिशत कम हो।

स्रोतको सीमितता तथा खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै बजेटको आकार घटाइएको सरकारको भनाइ छ। बजेटमा चालुतर्फ १४ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ३५ दशमलव ६४ प्रतिशत र पुँजीगततर्फ २६ अर्ब ४७ करोड रुपैयाँ अर्थात् ६४ दशमलव ३६ प्रतिशत विनियोजन भएको छ। प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै पुँजीगत खर्चको हिस्सा बढाएको जनाएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ सङ्कलन हुने अनुमान गरिएको छ। त्यस्तै राजस्व बाँडफाँटबाट १२ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ तथा गत आवको नगद मौज्दातबाट छ अर्ब आठ करोड ५२ लाख रुपैयाँ परिचालन गरिनेछ। यस्तै आन्तरिक ऋण १ अर्ब ५० करोड रुपैयाँ अनुमान गरिएको छ। यस्तै, सशर्त अनुदानबापत ८ अर्ब १० करोड २८ लाख रुपैयाँ, समपूरक अनुदानबापत ९४ करोड ७४ लाख रुपैयाँ तथा विशेष अनुदानबापत ७० करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत उत्पादन वृद्धि, पूर्वाधार विकास, कृषि क्षेत्रको आधुनिकीकरण, स्वास्थ्य सेवाको विस्तार तथा सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राखेको जनाएको छ। प्रस्तुत बजेटबाट आर्थिक गतिविधि विस्तार, रोजगारी सिर्जना तथा प्रदेशको समग्र विकासमा टेवा पुग्ने विश्वास सरकारले लिएको छ।

- **कर्मचारीको तलब १० प्रतिशत बृद्धि**

मधेश प्रदेश सरकारले कर्मचारीको तलब १० प्रतिशत बढाएको छ। आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले सरकारी कर्मचारीको तलब १० प्रतिशतले वृद्धि गरिएको बताएका हुन्। त्यस्तै अन्य कार्यसम्पादनको आधारमा समेत १० प्रतिशत प्रोत्साहन भत्ता दिने उनले बताए।

त्यस्तै सरकारले सरकारी निकायमा हुने ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्ति दिने जनाएको छ। अर्थमन्त्रीले मधेश सरकारले सरकारी निकायमा हुने ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्ति सहितको व्यवस्था गर्दै सुशासन कायम गर्ने बताए। त्यसका लागि 'हेल्लो सीएम एप' र 'हेल्लो मुख्यमन्त्री टोल फ्री नम्बर' सन्चालनमा ल्याउने अर्थमन्त्री भट्टराईले बताए।

यसैगरी १८ देखि ३५ वर्षका युवाहरुलाई लक्षित गरी सयदिने रोजगार ग्यारेन्टी कार्यक्रम ल्याउन लागेको जानकारी पनि उनले दिए।

'बेटी पढाउ, बेटी बचाउ कार्यक्रम'मा परिमार्जन

मधेश सरकारले आगामी आर्थिक वर्षमा कृषि मन्त्रालयअन्तर्गत ३ अर्ब ७० करोड रुपैयाँ विनियोजन गरेको छ। कृषिमा किसानलाई डिजिटल कार्ड, अनुदान सिधै खातामा, चकला बन्दी खेती गरि विदेशबाट फर्केकालाई स्वरोजगारमा लगाउने, उत्पादन मधेश आत्मनिर्भर देश बनाउने नीति लिएको छ।

त्यस्तै, मधेशको मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम परिमार्जन गरी मुख्यमन्त्री महिला स्वरोजगार कार्यमा परिवर्तन गरिएको छ। 'शिक्षित छोरी, सुरक्षित मधेश ! उद्यमशील नारी समृद्ध मधेश' नारा कायम गरिएको छ।

त्यस्तै हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीमा बैकल्पिक पुलको लागि मधेश सरकारले बजेट विनियोजन गरेको छ। अर्थमन्त्री युवराज भट्टराईले बजेट प्रस्तुतिको क्रममा आवश्यक बजेट विनियोजन गरेको बताए। नेपाल सरकारबाट बनिरहेको पुल १५ वर्षदेखि अलपत्र छन्

- **ढिलासुस्ती भए नागरिकलाई क्षतिपूर्ति**

मधेश प्रदेश सरकारले सरकारी निकायमा हुने ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्ति दिने बताएको छ।

आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेट प्रस्तुत गर्दै मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सरकारी निकायमा हुने ढिलासुस्तीमा नागरिकलाई क्षतिपूर्तिसहितको व्यवस्था गर्ने बताएका हुन्। सरकारले सुशासन कायम गर्न यस्तो कार्यक्रम ल्याएको अर्थमन्त्री भट्टराईको भनाइ छ।

मन्त्रिपरिषद्को आकार घटाइने

आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेट प्रदेश सभामा प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले आगामी वर्ष खर्चमा मितव्ययिता अपनाउनको लागि मन्त्रिपरिषद्को आकार घटाएर नौ सदस्यीय बनाउने घोषणा गरेका छन्। सरकारको खर्च

*बाँकी पृष्ठ २ मा*

# 'अकाल्पनिक, प्राथमिकताविहीन र वितरणमुखी बजेट'

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटमाथि प्रमुख विपक्षी दलहरूले कडा प्रतिक्रिया जनाएका छन्। विपक्षी सांसदहरूले बजेटलाई अकाल्पनिक, प्राथमिकताविहीन, वितरणमुखी तथा कार्यान्वयनको आधार कमजोर रहेको दाबी गरेका छन्।

मधेश प्रदेश सभामा बिहीबार अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेलगत्तै विपक्षी दलका सांसदहरूले बजेटको औचित्यमाथि प्रश्न उठाएका हुन्।

विपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेशसभा सदस्य तथा पूर्व अर्थमन्त्री सञ्जय कुमार यादवले बजेटको आकार घटाएर जनतालाई विकासको ठूलो सपना देखाउनु हस्यास्पद भएको टिप्पणी गरे।

उनले मधेश प्रदेश शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारलगायत अधिकांश सामाजिक–आर्थिक सूचकांकमा पछाडि रहेको उल्लेख गर्दै बजेटमा त्यसअनुसारको प्राथमिकता नदेखिएको बताए।

'सरकारले गर्नुपर्ने कामभन्दा नारालाई बढी प्राथमिकता दिएको देखिन्छ। बजेट भाषण सुन्दा आकर्षक लाग्छ, तर त्यसअनुसारको स्रोत र रकम कहाँ छ ?,' यादवले प्रश्न गरे।

प्रारम्भिक अध्ययनकै आधारमा बजेट हावादारी, अकाल्पनिक, प्राथमिकताविहीन र वितरणमुखी प्रकृतिको रहेको उनको टिप्पणी छ। बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रम र तिनका लागि छुट्याइएको रकमबीच तालमेल



नदेखिएको उनको आरोप छ।

'बजेट भाषण र विनियोजित रकमलाई हेर्दा सरकार अत्यधिक महत्वाकांक्षी देखिएको छ। तर ती कार्यक्रम कार्यान्वयन गर्ने आधार र स्रोत स्पष्ट छैन,' उनले भने।

हरेक बजेटले सरकारको प्राथमिकता र विकासको स्पष्ट मार्गचित्र दिनुपर्ने भए पनि प्रस्तुत बजेटले त्यस्तो सन्देश दिन नसकेको यादवको भनाइ छ। जनताको आवश्यकता र सरकारको प्राथमिकताबीच दूरी देखिएको उल्लेख गर्दै उनले बजेटको औचित्यमाथि नै प्रश्न उठेको तर्क गरे।







## सूचना !

एनसेल आजियाटा लिमिटेडको नाम र लोगो दुरुपयोग गर्दै कम्पनीले आफ्नो वार्षिकोत्सवको अवसरमा नगद रकम जित्ने मौका दिईरहेको भन्दै विभिन्न फेसबुक पेज र लिङ्कहरुमार्फत प्रयोगकर्तालाई प्रलोभनमा पार्दै स्क्यामरहरुले भ्रामक पोस्ट, स्क्रिनसट, कमेन्ट तथा सन्देशहरु प्रचार प्रसार गरिरहेको जानकारीमा आएकोले सजग रहन र त्यस्ता प्रचारसँग सम्बन्धित पेज वा लिङ्कमा क्लिक गरी आफ्ना व्यक्तिगत विवरण नदिन हुन अनुरोध गर्दछौं।

यस प्रकारका अनाधिकृत रुपमा सञ्चालित पेज, लिङ्क वा वेबसाइटका झुटा प्रचारमा विश्वास गर्दा आफ्नो व्यक्तिगत विवरण चोरी हुने, अकाउन्ट ह्याक हुने जस्ता जोखिम रहन्छन्। यस कम्पनीले त्यस्तो कुनै योजना सञ्चालन नगरेको स्पष्ट पार्न चाहन्छौं र आधिकारिक रुपमा उपलब्ध गराएको सूचना वा कम्पनीको आधिकारिक वेबसाइट र सामाजिक सञ्जाल पेजमा उपलब्ध जानकारीलाई मात्र विश्वास गर्नुहुन अनुरोध गर्दछौं।

Ncell

# गर्मीबढेसँगै सर्पदंशका बिरामीको संख्यामा वृद्धि




**महोत्तरी।**
महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित प्रादेशिक अस्पताल जलेश्वरमा सर्पले डसेका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। प्रादेशिक अस्पताल जलेश्वरका आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी रामउदित यादवका अनुसार अहिले यस अस्पतालमा दैनिक रुपमा पाँच जनासम्म सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेका छन्।

जिल्लामा केही दिनदेखि अत्यधिक गर्मीका कारण विषरहित विभिन्न तथा विषालु प्रजातिका सर्पले हिँडिरहेका तथा खेतबारी काम गर्न पुगेका व्यक्तिलाई डस्ने क्रम बढ्दो छ । उपचारका लागि अस्पतालमा पुग्नेमध्ये बढी बिरामी विषरहित सर्पले टोकेको तथा केही मात्रै विषालु सर्पले टोकेको बिरामी आउने गरेको उनले जानकारी दिए। महोत्तरीमा विषरहित ढोरिया र हरहरा तथा विषालु सबैभन्दा बढी करेत र गोमन सर्पहरु बढी पाइने गरेको छ । गत वैशाख महिना मात्रै २३ जना सर्पले डसेका बिरामी उपचारका लागि अस्पताल पुगेकामा जेठमा त्यो सङ्ख्या बढेर ५६ जना पुगेको छ।

महोत्तरीका १० वटै नगरपालिका र पाँच गाउँपालिकामा गर्मीयाममा सर्पको जोखिम रहेको छ । अस्पतालमा सीमापारी भारतको विभिन्न ठाउँठाउँबाट पनि बिरामी उपचारको लागि आउने गरेको अस्पतालले जनाएकोछ। अस्पताल प्रशासनका अनुसार सर्पले डसेको बिरामीलाई दिइने एन्टिभेनम (औषधि) पर्याप्त मात्रामा रहकाले उपचारमा समस्या भने रहेको छैन। अस्पतालमा आइसियु कक्ष नरहेकाले विषालु सर्पले डसेर आउने उच्च जोखिमका बिरामीलाई थप उपचार गर्न अन्य अस्पतालबाट रेफर गर्नुपर्ने बाध्यता भने रहेको देखिन्छ। रासस

## सवारी दुर्घटनामा दुई छात्रा घाइते

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१५ भिस्वास्थित पोखरी क्षेत्रमा सोमबार दिउँसो करिब १ बजे भएको सवारी दुर्घटनामा दुई छात्रा घाइते भएका छन्। ना १ ह १८७४ नम्बरको अटो रिक्सा चालकले मादक पदार्थ सेवन गरी सवारी चलाउँदा दुर्घटना भएको प्रहरीको प्ररम्भिक अनुसन्धान छ।
पैदल हिँडिरहेका विद्यार्थीलाई अटोले ठक्कर दिंदा प्रेम साहकी १२ वर्षीया छोरी बबली कुमारी साहको दुवै हात र खुट्टामा चोट लागेको छ, त्यसैगरी, सोही स्थानका ईश्वर कुशवाहाकी १४ वर्षीया छोरी चान्दनी कुशवाहाको बायाँ हात, घुँडा र निधारमा चोट लागेको छ।
घाइते दुवै छात्राको नेशनल मेडिकलमा उपचार भइरहेको छ । उनीहरूको अवसथा खतरामुक्त रहेको चिकित्सकले बताएका छन् । चालकले मादक पदार्थ सेवन गरेको आरोपबारे प्रहरीले आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जनाइएको छ।

# मधेशको बजेट ४१ अर्ब...

कटौतीका लागि मुख्यमन्त्री, मन्त्रीलगायत राजनीतिक पदका व्यक्तिले पाउँदै आएको सुविधा पुरवलोकन गर्ने उनले बताएका छन्।
आगामी आर्थिक वर्षमा मधेश प्रदेशमा १५ प्रतिशत कर्मचारी कटौती गर्ने कार्यक्रम पनि बजेटमा ल्याएका छन्। त्यसबाहेक, आगामी आर्थिक वर्षमा सवारी साधन खरिदमा रोक लगाउने कार्यक्रम पनि बजेटमा आएको छ।

- **प्रहरी भर्नामा बजेट**

मधेश प्रदेश सरकारले अगामी आर्थिक वर्ष २०८३–८४ को आय व्यय(बजेट)मा प्रदेश प्रहरी ऐन कार्यान्वयनमा ल्याउन प्रहरी भर्नाका लागि बजेट बिनियोजन गरेको छ । मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सोमबार प्रदेशसभाको बैठकमा बजेट प्रस्तुत गर्दै प्रदेश प्रहरी ऐन कार्यान्वयनमा ल्याउन प्रहरी भर्ना प्रकृया अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरिएको बताए। संविधानमा प्रदेशको एकल सूचीमा रहेको प्रदेश प्रहरी गठनका लागि मधेश प्रदेश सरकारले प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ सालमा नै ल्याइसकेको छ।

- **दिवा खाजा कार्यक्रममा थप अनुदान**

मधेश प्रदेश सरकारले सामुदायिक विद्यालयमा विधार्थीको ड्रपआउट दर रोक्न संघीय सरकारले संचालन गरेको दिवा खाजा कार्यक्रममा प्रदेश सरकारबाट प्रति विधार्थी थप रकम अनुदान दिने भएको छ।
प्रदेश सरकारले बजेटमार्फत यस्तो घोषणा गरेको हो। बजेटमा भनिएको छ, 'यो अनुदान रकमबाट 'पोषणयुक्त स्थानीय उत्पादनमा आधारति खाजा' खुवाउने व्यवस्था गरिनेछ।

- **डिजिटल किसान परिचयपत्र**

मधेश प्रदेश सरकारले कृषि अनुदानलाइ वास्तविक किसानसम्म पुर्याउन विचौलिया संयन्त्र खारेज गर्नका लागि 'डिजिटल किसान परिचयपत्र' वितरण कार्यलाइ पूर्णता दिने भएको छ। यो बिषय अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभा बैठकमा प्रस्तुत गरेको बजेटमा समेत समेटिएको छ । । प्रदेश सरकारले उत्पादन र नजितामा आधारित नथद अनुदान प्रणाली पुर्ण रुपमा लागु गर्ने समेत बताएको छ।

- **'नो प्लास्टिक' अभियान**

मधेश प्रदेश सरकारले प्लास्टिकमुक्त अभियान चलाउने भएको छ । सोमबार अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण गर्न स्थानीय तहसँगको सहकार्यमा 'प्लास्टिक मुक्त मधेश' अभियान सञ्चालन गरिने घोषणा गरेका हुन्।
अर्थमन्त्री भट्टराईले प्लास्टिकको विकल्पको रूपमा अल्लो, जुट, सुर्तीको डाँठ वा कागजका झोला उत्पादन गर्ने स्थानीय उद्योगहरूलाई मेसिनरी खरिदमा विशेष पुँजीगत अनुदान दिइने बताए।
त्यस्तै बढ्दो सहरीकरण, औद्योगिक प्रदूषण र तापक्रम वृद्धिलाई न्यूनीकरण गर्न हरेक नगरपालिकामा कम्तीमा एउटा स्मार्ट इको पार्क' निर्माण गर्नुका साथै मुख्य राजमार्ग र सहरी सडक किनारमा छहारी दिने बिरुवा रोप्ने अभियान सञ्चालन गरिने बजेटमा उल्लेख छ। सहरी क्षेत्रको फोहोर मैला व्यवस्थापनलाई दीर्घकालीन समाधान गर्दै आम्दानीसँग जोड्न जैविक फोहोरबाट कम्पोस्ट मल तथा बायो ग्यास उत्पादन गर्ने 'फोहोरबाट मोहोर' कार्यक्रम सञ्चालन गरिनेछ र विद्युतीय फोहोरको सुरक्षित व्यवस्थापन गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ।
गत वर्षका भन्दा सुधारका कार्यक्रम देखिए पनि वन तथा वातावरणमा बजेट भने कम छुट्याइएको छ। गत वर्ष वन तथा वातावरण मन्त्रालयतर्फ २ अर्ब ३७ करोड रुपैयाँ बजेट छुट्याइएको थियो। तर यस वर्ष १ अर्ब ३३ करोड रुपैयाँ मात्र छुट्याइएको छ।

- **छैनन् टुक्रे योजना**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३–८४ देखि एक करोड रुपैयाँभन्दा कम लागतका योजना बजेटमा समावेश नगर्ने घोषणा गरेको छ।
मधेश प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८३–८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले टुक्रे योजना ल्याएर बजेट रकम छर्ने प्रवृत्तिमा नियन्त्रण गरिने बताएका हुन्।
उनले प्रदेशको सीमित स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गर्न तथा विकास आयोजनाको गुणस्तर र प्रभावकारिता बढाउन एक करोड रुपैयाँभन्दा कम लागतका योजना नराख्ने नीति अवलम्बन गरिएको जानकारी दिए।
'टुक्रे योजना ल्याएर रकम छर्ने कार्यलाई निरुत्साहित गरिनेछ,' अर्थमन्त्री भट्टराईले भने, 'अब एक करोड रुपैयाँभन्दा कमका योजना बजेटमा समावेश गरिने छैनन् ।' प्रदेश सरकारले यस नीतिमार्फत साना तथा छरिएका योजनाभन्दा ठूला र प्रतिफलमुखी आयोजनामा लगानी केन्द्रित गर्ने लक्ष्य लिएको जनाएको छ।

- **'मधेश धार्मिक सर्किट' निर्माण गरिने**

मधेश प्रदेशका आठवटै जिल्लामा रहेका महत्वपूर्ण धार्मिक स्थललाई जोडेर 'मधेश धार्मिक सर्किट' निर्माण गरिने भएको छ।
आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले धार्मिक पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले यस्तो घोषणा गरेका हुन्।
अर्थमन्त्री भट्टराईले मधेशका प्रमुख धार्मिक तथा सांस्कृतिक सम्पदालाई एकीकृत गर्दै धार्मिक पर्यटनको विकासमा जोड दिइने बताए। उनका अनुसार धार्मिक सर्किट सञ्चालनमा आएपछि आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने र स्थानीय अर्थतन्त्रसमेत चलायमान हुने अपेक्षा गरिएको छ।
उनले धार्मिक सर्किट क्षेत्रमा सार्वजनिक यातायात सेवा विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने जानकारी दिँदै यो रुटमा बस सञ्चालनका लागि आवश्यक सहुलियत प्रदान गरिने बताए।
प्रदेश सरकारले धार्मिक पर्यटनलाई आर्थिक विकासको आधारका रूपमा अघि बढाउने नीति लिएको जनाइएको छ।

# सीमा क्षेत्रको बाँध अग्लो बनाउँदा, गौर डुबानको जोखिममा

**रौतहट।**
रौतहटको गौर र भारतको बैरगनिया सीमामा भारतीय पक्षले एकतर्फी रूपमा बनाएको बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको छ। सीमा क्षेत्रको दशगजा वा त्यसको नजिक दुवै देशको सहमतिबिना कुनै पनि भौतिक संरचना निर्माण, विस्तार वा परिवर्तन गर्न नपाइने नियम भए पनि भारतीय पक्षले बाँध मर्मतको बाहनामा झन् अग्लो र बलियो बनाएको हो । छिमेकी देशको भूभागमा डुबान वा अन्य वातावरणीय क्षति नपुर्याउनका लागि एउटा देशले आफ्नो सिमानामा यस्तो संरचना बनाउने प्रावधान छैन । बैरगनिया क्षेत्रको बाँधकै कारण वर्षायाममा बाढीको बहाव थुनिने र त्यसले सदरमुकाम गौरसहित दर्जनौं नेपाली गाउँहरू डुबानमा पर्दै आइरहेको स्थानीय अमित केशरीले बताए।
भारतले आफ्नो भूमि बैरगनियालगायतका बिहारको सहर डुबानबाट बचाउन सीमा क्षेत्रमा १५ फिट अग्लो र पाँच किलोमिटर लामो बाँध बनाएपछि नेपालतिर डुबान हुने गरेको केशरीले बताए । भारतीय पक्षले बैरगनियाको पूर्वी क्षेत्रस्थित बाँधको तीनवटा ढोका सुलीसगेट बन्द गर्दै आएका कारण हरेक वर्ष गौर नगर क्षेत्र डुबानमा पर्दै आइरहेको उनले बताए।
गौर डुबानमा परेपछि नेपालीले बाँध भत्काउने र सुलीसगेट खोल्छ भनेर भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोली हतियारसहित २४सै घण्टा बाँधमा



बस्दै आइरहेका केशरीले जानकारी दिए ।बाँध अग्लो हुँदा नेपालतर्फबाट बग्ने लालबकैया र वाग्मती नदीको पानीले निकास नपाउने र पानी 'ब्याक' भएर नेपाली बस्तीमा पस्ने गरेको नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव तथा गौरवासी गौतम श्रेष्ठले जानकारी दिए। बैरगनिया क्षेत्रको रिङ बाँधमा माटो थपिँदा वर्षायाममा बाढीको बहाव रोकिने र यसले सदरमुकाम गौर र आसपासका क्षेत्रहरू पूर्ण रूपमा डुबानमा पर्ने गरेको श्रेष्ठले बताए। गौरमा बाढीको पानी निकास नहुँदा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ ।केही वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाको पालामा यसरी नै माटो थप्न लाग्दा नेपालका तर्फबाट स्थानीय प्रशासन र सुरक्षा निकाय (सशस्त्र प्रहरी)ले कडा आपत्ति जनाएपछि काम रोकिएको थियो । नेपाल–भारत दुई देशबीचको सहमतिअनुसार सीमारेखाको निश्चित दूरीभित्र एकतर्फी रूपमा बाँध वा सडकजस्ता अग्ला संरचना बनाउन निषेध गरिएको गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले बताए । तर भारतले आफ्नो भूमि डुबानबाट जोगाउन लगाएको बाँध मर्मतको बाहनामा माटो थपेको र चौडाइ पनि बढाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताए।
भारतले एकतर्फी रूपमा पूर्वमा वाग्मती नदीदेखि र पश्चिमतर्फ बकैया नदीपारि बन्जराहा गाउँसम्मको पाँच किलोमिटर क्षेत्रसम्म बाँध निर्माण गरेका कारण बर्सेनि गौर नगर क्षेत्र डुबानमा पार्दै आएको उनले बताए। विसं २०७७ मा आफू नगरप्रमुख हुँदा गौर नगरपालिका–२ महादेवपट्टि गाउँस्थित रहेको बकैया नदीमा तटबन्ध गर्दा भारतीय पक्षले अवरोध गरेको तर अहिले भारतले मनपरी ढङ्गले बाँध मर्मतका नाममा अग्लो तथा बलियो बनाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताए। नेपाल–भारत सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँधमुनिको सुलीसगेट (पानी निकास हुने ढोका) बन्द गरेपछि गौरवासी झन् समस्यामा पर्दै आइरहेको उनले बताए । बाँध र सुलीसगेट नखोलेका कारण गौर हरेक वर्ष डुबानमा परिरहेको उनको भनाइ छ । यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षी सितामाढी जिल्लाका प्रमुख (डिएम) रुचि पाण्डेसँग बाँधमा माटो थप्ने काम भएको भन्दै ध्यानाकार्षण गराएको बताए । डिएम पाण्डेले आफूलाई भारतीय केन्द्रीय सरकारबाटै बाँध मर्मतको काम भएको जानकारी गराएको प्रजिअ भुसालले बताए।दुई देशको सीमा र अन्तरराष्ट्रिय सन्धिसँग जोडिएको विषय भएकाले केन्द्र सरकारले कूटनीतिक नोट पठाएर यसको स्थायी समाधान खोज्न आवश्यक रहेको भन्दै विगतका मधेस प्रदेशका मुख्यमन्त्रीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।भारतले एकपक्षीय रूपमा बाँध बाधेपछि रौतहटको राजदेवी नगरपालिकाको बेलबिछुवा, ब्रम्हपुरी लक्ष्मीपुर, सदरमुकम गौरका नौवटै वडा र इशनाथ नगरपालिकाको बैरिया, औरैया र बन्जरहा गाउँ बर्सेनि डुबानमा पर्दै आएको छ। सो क्षेत्रमा हरेक वर्ष डुबानका कारण करोडौँको धनजन तथा बालीनालीको क्षति हुँदै आइरहेको छ। रासस

# कोशी प्रदेशसभाः राजस्व र व्ययको वार्षिक अनुमानित बजेट प्रस्तुत




**विराटनगर।**
कोशी प्रदेशसभाको आजको बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानित बजेट प्रस्तुत गरेका छन्।
उनँका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँ रकम विनियोजन भएको हो।
विनियोजित रकममध्ये चालुतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रुपैयाँ, पुँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख रुपैयाँ, वित्तीय व्यवस्थातर्फ १५ करोड रुपैयाँ र वित्तीय हस्तान्तरणतर्फ पाँच अर्ब ५६ करोड ३६ रुपैयाँ रकम छुट्याइएको योजनामन्त्री लिङ्थेपले जानकारी दिए । यो अनुमान चालु आवको विनियोजनको तुलनमा १२ दशमलव ७४ प्रतिशतले बढी रहेको मन्त्री उनले बजेट वक्तव्यमा उल्लेख गरे।
आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड रुपैयाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड रुपैयाँ, सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब १२ करोड रुपैयाँ, सशर्त अनुदानबाट पाँच अर्ब ९५ करोड रुपैयाँ, समपुरक अनुदानबाट ८४ करोड रुपैयाँ, विशेष अनुदानबाट ४१ करोड रुपैयाँ र सोझै भुक्तानीबाट २० करोड रुपैयाँ खर्च व्यहोरिने र बाँकी अपुग रकम नगद मौज्दातबाट पाँच अर्ब रुपैयाँ व्यहोरिने मन्त्री योजनामन्त्री लिङ्थेपले बजेट वक्तव्यमार्फत जानकारी दिए।

# नेत्रज्योति विशिष्ट सम्मानबाट रेसुङ्गा नगरपालिका सम्मानित

**काठमाडौँ।**
अन्धोपन निवारणका लगि आँखा उपचार सेवामा अतुलनीय योगदान पु¥याएको जनाउँदै रेसुङ्गा नगरपालिकाले नेत्रज्योति विशिष्ट सम्मान प्राप्त गरेको छ।
अहिले नगर क्षेत्रमा आँखा उपचारको पहुँच सबै नागरिकमा पुगेको र आर्थिक अभावका कारण विशेष गरेर मोतियाविन्दुको उपचार गर्नबाट कोही पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था नहेको बताइएको छ । आँखा उपचारका लागि भैरहवा अथवा बुटवल झर्नुपर्ने सास्ती अन्त्य भएको छ।
नेपाल नेत्रज्योति सङ्घको ३० औँ केन्द्रीय सभाको अधिवेशनमा सङ्घका सस्थापक प्रा. डा. रामप्रसाद पोखरेल, कोशी प्रदेशसभाका उपसभामुख सिर्जना दनुवार, सङ्घका केन्द्रीय अध्यक्ष प्रा. डा. चेतराज पन्तले रेसुङ्गा नगरप्रमुख खिलध्वज पन्थीलाई प्रदान गरे।
नगरप्रमुख पन्थीले आफूले कार्यपालिकाको पहिलो बैठकबाट आँखा उपचार सेवा सबै नागरिकको पहुँचमा पुर्याउने निर्णय गरेको जानकारी दिँदै अहिले नगर क्षेत्रमा आर्थिक अभावका कारण नगरवासी आँखा उपचार सेवाबाट वञ्चित हुन नपरेको बताए। उनले भने, 'आँखा उपचारका लागि भैरहवा अथवा बुटवल झर्नुपर्ने सास्ती अन्त्य भएको छ।'
उनका अनुसार नगरपालिकाले गुल्मी अस्पतालमा मिर्गौलाका बिरामीको लागि डायलासिस सेवा सञ्चालन गर्न सहयोग गरेको छ। यसबाट हाल ४० जना बिरामी लाभान्वित भइराखेका छन्। साथै दम तथा निमोनियाका बिरामीका लागि नगरपालिकाले घर घरमा नै अक्सिजन कन्सटे«टर उपलब्ध गराइरहेको छ। यसबाट करिब २ सय बिरामी लाभान्वित भएका जनाइको छ । सङ्घले सम्मान गोरखा नगरपालिकालाई पनि प्रदान गरेको थियो।
सोही अवसरमा गुल्मीका समाजसेवी कृष्णहरि सापकोटालाई पनि नेत्रज्योति विशिष्ट सम्मान अर्पण गरिएको थियो । उनले मुसिकोट नगरपालिका वडा ७ स्थित एकरोपनी जमिन सहित जमिनमा साढेदुई तल्ला भवन बनाइ नेपाल नेत्रज्योती सङ्घ गुल्मीशाखालाई हस्तान्तरण गरेका थिए।
यसको मूल्य करिब दुई करोड ५० लाख रुपैयाँ बराबर रहेको जनाइएको छ । हाल भवनमा सङ्घद्वारा सञ्चालित आँखा उपचार केन्द्र सञ्चालित छ । रासस

# बागमतीको बजेट ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार

**बागमती।**
बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजारको बजेट सार्वजनिक गरेको छ । बागमती प्रदेश सभाको सोमबारको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बजेट सार्वजनिक गरेका हुन्।
'समृद्ध बागमतीको अभियानः सुशासन, प्रविधि र उत्पादन' भन्ने मूल नीतिलाई कार्यान्वयन गर्दै उद्यमशीलतामार्फत स्वरोजगारी र रोजगारीको विकास गर्ने मन्त्री तामाङले बताए।
चालूतर्फ २२ अरब ९६ करोड १९ लाख ३० हजार र पूँजीगत तर्फ ४३ अर्ब ९७ करोड १४ लाख तीन हजार विनियोजना गरिएको जानकारी मन्त्री तामाङले दिए।
सरकारले खर्च ब्यहोर्ने स्रोतहरूको अनुमान गर्दै कर राजस्व ३० अर्ब १५ करोड छ लाख ६८ हजार, अन्य राजस्वतर्फ सात अर्ब ७३ करोड ९९ लाख १२ हजार तथा सङ्घीय वित्तीय हस्तान्तरण १५ अरब ३१ करोड ४८ लाख हुने उल्ल्ेख गरेको छ । चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्ति १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार रुपैयाँ र अन्य संस्थाबाट ऋण लगानी फिर्ता ९६ करोड रुपैयाँ हुने बजेट वक्तव्यमा उल्लेख छ। चालू आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान हुँदा बागमती प्रदेशको ५.४० प्रतिशत रहने अनुमान रहेको बताउँदै अर्थमन्त्री तामाङले मुलुकको प्रतिव्यक्ति आय एक हजार ५ सय ३५ अमेरिकी डलर रहँदा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबै प्रदेशभन्दा बढी दुई हजार ६ सय ४४ अमेरिकी डलर रहने प्रक्षेपण गरिएका बताए।
मुलुकको साक्षरता दर ७६.२ प्रतिशत हुँदा बागमती प्रदेशको ८२.१ प्रतिशत रहेको बजेटमा उल्लेख छ । मुलुकको निरपेक्ष गरिबी २०.२७ प्रतिशत र बहुआयामिक गरीबी १७.४ प्रतिशत रहँदा बागमती प्रदेशमा निरपेक्ष गरिबी १२.५९ प्रतिशत र बहुआयामिक गरिबी ७.० प्रतिशत मात्र रहेको अर्थमन्त्रीले बताए।
क्षेत्रगत कार्यक्रमका रुपमा स्थानीय तहका लागि प्रदान गरिने वित्तीय हस्तान्तरणका लागि छ अरब ९१ करोड ५७ लाख ३८ हजार विनियोजन गरिएको छ। मुख्यमन्त्री तथा विशेष कार्यक्रमका रुपमा मुख्यमन्त्री विपन्न आवास कार्यक्रम, प्रशासनिक खर्च बचत, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम, युवा स्वरोजगार ब्याज अनुदान जस्ता कार्यक्रम अघि सारिएको छ। मन्त्रालयगत रुपमा आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयका लागि ७२ करोड ७७ लाख ५७ हजार, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयका लागि पाँच अरब ३७ करोड ५५ लाख ७४ हजार रुपैयाँ, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयका लागि छ अरब ७१ करोड ७७ लाख २४ हजार रुपैयाँ विनियोजन गरिएको छ।
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका लागि नौ अर्ब छ करोड दुई लाख ३९ हजार, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका लागि आठ अर्ब ९० करोड ६१ लाख ८५ हजार, भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि २५ अर्ब ६० करोड ८ लाख ४८ हजार रुपैयाँ विनियोजन गरिएको अर्थमन्त्रीले बताए।

# बारामा आर्थिक गणना लक्ष्यभन्दा माथि, २१ हजारभन्दा बढी प्रतिष्ठानको विवरण संकलन



**मधेशदृष्टि**
**कलैया।**
राष्ट्रिय आर्थिक गणना–२०८२ अन्तर्गत बारा जिल्लामा सञ्चालन भइरहेको तथ्याङ्क संकलन कार्य अन्तिम चरणमा पुगेको छ । हालसम्म जिल्लाभरका २१ हजार ७४ वटा व्यवसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिसँग सम्बन्धित इकाइहरूको गणना सम्पन्न भएको छ । जिल्ला आर्थिक गणना कार्यालय बाराका जिल्ला आर्थिक गणना अधिकारी राजेश दासका अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयले बाराका लागि २० हजार ९ सय २१ प्रतिष्ठान गणना गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर संकलनको क्रममा लक्ष्यभन्दा बढी प्रतिष्ठान फेला परेपछि जिल्लाले निर्धारित लक्ष्य पार गर्दै थप विवरण संकलन गर्न सफल भएको छ।

प्रारम्भिक नतिजाले बारामा पछिल्ला वर्षहरूमा व्यापार, उद्योग तथा सेवा क्षेत्रको विस्तार भएको संकेत गरेको छ । आर्थिक गतिविधि बढ्दै जाँदा व्यवसायिक प्रतिष्ठानहरूको संख्या पनि उल्लेख्य रूपमा वृद्धि भएको देखिएको अधिकारी दासले जानकारी दिए । 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारासहित राष्ट्रिय तथ्याङ्क कार्यालयले देशव्यापी रूपमा दोस्रो राष्ट्रिय आर्थिक गणना–२०८२ सञ्चालन गरिरहेको छ । वैशाख २ गतेदेखि सुरु भएको गणना कार्यक्रम असार ७ गतेसम्म सञ्चालन हुने तय गरिएको छ।

गणना कार्यलाई प्रभावकारी बनाउन बारामा ६६ जना गणक र ९ जना सुपरिवेक्षक खटिएका छन् । उनीहरूले स्थानीय तह, वडा कार्यालय तथा सम्बन्धित निकायसँग सहकार्य गर्दै उद्योग, व्यापार, होटल तथा रेष्टुरेन्ट, सेवा क्षेत्र, निर्माण व्यवसाय, वित्तीय संस्था, कृषि उद्यमलगायत विभिन्न आर्थिक गतिविधिमा संलग्न प्रतिष्ठानहरूको तथ्याङ्क संकलन गरिरहेका छन् । कार्यालयका अनुसार जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ, स्थानीय सरकार, व्यवसायी तथा अन्य सरोकारवालाको सहयोगका कारण गणना अभियान सहज र प्रभावकारी रूपमा अघि बढिरहेको छ।

निर्धारित समयभित्र विश्वसनीय र गुणस्तरीय तथ्याङ्क संकलन गर्ने लक्ष्यसहित काम भइरहेको जनाइएको छ। राष्ट्रिय आर्थिक गणनाले मुलुकका आर्थिक प्रतिष्ठानहरूको वास्तविक अवस्था, रोजगारी सिर्जना, लगानीको स्थिति, व्यवसायको प्रकृति तथा अर्थतन्त्रमा उनीहरूको योगदानबारे विस्तृत जानकारी उपलब्ध गराउने अपेक्षा गरिएको छ । प्राप्त तथ्याङ्कले संघ, प्रदेश र स्थानीय तहमा नीति निर्माण, विकास योजना तर्जुमा, लगानी प्रवर्द्धन तथा आर्थिक विकासका कार्यक्रम सञ्चालनमा महत्वपूर्ण आधार तयार गर्ने विश्वास गरिएको छ।

कार्यालयले गणनामा समावेश हुन छुटेका व्यवसाय तथा प्रतिष्ठानलाई आवश्यक विवरण उपलब्ध गराई अभियानमा सहयोग गर्न आग्रह गरेको छ । अन्तिम प्रतिवेदन सार्वजनिक भएपछि बाराको आर्थिक संरचना, व्यवसायिक प्रवृत्ति र रोजगारीको अवस्थाबारे अझ स्पष्ट तस्वीर प्राप्त हुने जिल्ला आर्थिक गणना कार्यालयले जनाएको छ।

# प्रमुख प्रशासकीय अधिकृत अनुपस्थित हुँदा धोबीनीको नीति तथा कार्यक्रम बैठक स्थगित




**मधेशदृष्टि**
**वीरगंज।**
धोबीनी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रम तय गर्ने उद्देश्यले सोमबार बोलाइएको महत्वपूर्ण बैठक प्रमुख प्रशासकीय अधिकृत कृष्णा प्रसाद खतिवडाको अनुपस्थितिका कारण अन्तिम समयमा स्थगित भएको छ । बिहान ११ बजेदेखि सञ्चालन हुने तय भएको बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कर्मचारी, स्थानीयवासी तथा सञ्चारकर्मी समयमै उपस्थित भए पनि प्रमुख प्रशासकीय अधिकृत नआएपछि कार्यक्रम अगाडि बढ्न नसकेको हो । गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहानका अनुसार प्रमुख प्रशासकीय अधिकृत खतिवडाकी आमाको स्वास्थ्य अवस्था अचानक बिग्रिएपछि उनी अस्पताल जान बाध्य भएको जानकारी प्राप्त भएको थियो । अध्यक्ष चौहानले दिनभर बैठक सञ्चालनको प्रयास गरिए पनि प्रमुख प्रशासकीय अधिकृतसँग सम्पर्क स्थापित हुन नसकेकाले बैठक स्थगित गर्नुपरेको बताए । 'हामी सबै आवश्यक तयारीका साथ उपस्थित थियौं। पारिवारिक समस्याका कारण उहाँ उपस्थित हुन सक्नुभएन। सम्पर्कसमेत हुन नसकेपछि बैठक सञ्चालन गर्ने अवस्था रहेन,' अध्यक्ष चौहानले भने । बैठक स्थगित भएपछि जनप्रतिनिधिहरूले भने असन्तुष्टि व्यक्त गरेका छन्। वडा नम्बर ३ का वडा अध्यक्ष राजकिशोर प्रसाद कुर्मीले बिहानदेखि साँझसम्म प्रतीक्षामा बस्नुपर्दा आफूहरू निराश भएको बताए। नौ वर्षको जनप्रतिनिधि अनुभवमा यस्तो अवस्था पहिलो पटक देख्नुपरेको उल्लेख गर्दै उनले गाउँपालिकाको प्रशासनिक व्यवस्थापनमाथि प्रश्न उठाए। 'नीति तथा कार्यक्रमजस्तो महत्वपूर्ण विषयमा छलफल गर्न सबैलाई बोलाएर दिनभर प्रतीक्षा गराइयो, तर कुनै निष्कर्ष निस्किएन । यसले जनप्रतिनिधिको भूमिकाप्रति समेत सम्मानजनक व्यवहार नभएको अनुभूति गराएको छ,' उनले भने।

स्थानीयवासीहरूले पनि गाउँपालिकाभित्र जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबीच लामो समयदेखि समन्वयको अभाव रहेको गुनासो गर्दै आएका छन् । उनीहरूका अनुसार यही कारण विकास निर्माणका काम, प्रशासनिक सेवा प्रवाह तथा अन्य गतिविधिहरू प्रभावित हुने गरेका छन् । महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्ने दिनमै बैठक स्थगित भएपछि गाउँपालिकाको प्रशासनिक कार्यसम्पादन र व्यवस्थापन क्षमतामाथि प्रश्न उठ्न थालेको छ । स्थानीयवासी तथा जनप्रतिनिधिहरूले भविष्यमा यस्ता अवस्था दोहोरिन नदिन सम्बन्धित पक्षले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने माग गरेका छन्।

यस विषयमा प्रमुख प्रशासकीय अधिकृत खतिवडासँग प्रतिक्रिया लिन पटक–पटक प्रयास गरिएपनि उनको मोबाइल फोन बन्द रहेकाले प्रतिक्रिया प्राप्त हुन सकेन। बैठक स्थगित भएसँगै आगामी नीति तथा कार्यक्रम कहिले प्रस्तुत गरिने भन्नेबारे गाउँपालिकाले हालसम्म नयाँ मिति सार्वजनिक गरेको छैन। जनप्रतिनिधिहरूले भने शीघ्र बैठक आह्वान गरी गाउँपालिकाको नियमित कामकारबाहीलाई प्रभावित हुन नदिन आग्रह गरेका छन्।

# एसएसपी कृष्णबहादुर पल्ली मगरले सम्हाले प्रदेश प्रहरी कार्यालय वीरगंजको नेतृत्व



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल प्रहरी प्रदेश कार्यालय, वीरगंजको प्रमुखका रूपमा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्णबहादुर पल्ली मगरले सोमबार पदभार ग्रहण गरेका छन् । गृह मन्त्रालयको निर्णयअनुसार सरुवा भई वीरगञ्ज आएका मगरले औपचारिक रूपमा कार्यालयको जिम्मेवारी सम्हालेका हुन्। नेपाल सरकार, गृह मन्त्रालयको २०८३ जेठ १२ गतेको निर्णयबमोजिम नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत प्रदेश समन्वय विभाग, नक्सालबाट सरुवा भई आएका एसएसपी मगरलाई कार्यालयमा प्रहरी अधिकृतहरूले स्वागत गरेका थिए।

स्वागत कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षकहरू हरिबहादुर बस्नेत र राजु कार्की तथा प्रदेश प्रहरी कार्यालय वीरगंजका प्रहरी निरीक्षक ओमप्रकाश यादवलगायत प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो । प्रदेश प्रहरी कार्यालयका अनुसार मगरले सोमबार नै कार्यालय प्रमुखको रूपमा पदभार ग्रहण गरेका हुन्। यसअघि प्रदेश प्रहरी कार्यालय वीरगंजको नेतृत्व गरिरहेका एसएसपी शान्तिराज कोईरालालाई नेपाल प्रहरी प्रधान कार्यालयले जेठ १८ गते काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा सरुवा गरेको थियो। कोईरालाको स्थानमा मगरलाई जिम्मेवारी दिइएको हो।

प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको हालैको सरुवा सूचीअनुसार गृह मन्त्रालयको निर्णयबमोजिम देशभरका ३३ जना वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी)हरूको सरुवा गरिएको थियो । सोही निर्णयअन्तर्गत एसएसपी मगरलाई प्रदेश प्रहरी कार्यालय वीरगञ्जको प्रमुखका रूपमा खटाइएको हो । नयाँ नेतृत्वसँगै प्रदेश प्रहरी कार्यालय वीरगञ्जको सुरक्षा व्यवस्थापन, अपराध नियन्त्रण तथा संगठनात्मक कार्यसम्पादन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# स्कुटर दुर्घटनामा घाइते भएकी एक किशोरीको उपचारको क्रममा मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
जीतपुरसिमरा उपमहानगरपालिका ७ जीतपुरमा आइतबार भएको स्कुटर दुर्घटनामा गम्भीर घाइते भएकी एक किशोरीको उपचारका क्रममा मृत्यु भएको छ।

सिमरातर्फ जाँदै गरेको मधेश प्रदेश ०३–०३९ प २६८६ नम्बरको स्कुटर अनियन्त्रित भई जीतपुरस्थित भागिरथ लाइन होटल अगाडि दुर्घटना हुँदा स्कुटर चालक जीतपुरसिमरा उपमहानगरपालिका १७ रामनगर निवासी १६ वर्षीया सुप्रिया मोक्तान गम्भीर घाइते भएकी थिइन्। दुर्घटनामा उनको टाउकोसहित शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो।

घाइते मोक्तानको एलएस न्युरो अस्पताल परवानीपुरमा उपचार भइरहेको अवस्थामा मृत्यु भएको बारा प्रहरीले जनाएको छ । दुर्घटनामा स्कुटरको पछाडि सवार सोही स्थानकी १६ वर्षीया सुप्रिया रुम्बा घाइते भएकी छन्। उनको अनुहार, बायाँ हात तथा दुवै खुट्टामा चोट लागेको छ । रुम्बाको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# अनधिकृत रुपमा विक्री भइरहेको अनुदानको मल बरामद

**मधेशदृष्टि**
**सिरहा।**
किसानका लागि अनुदानमा उपलब्ध गराइएको १३ बोरा युरिया मल सिरहामा अनधिकृत रूपमा बिक्री भइरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिइएको छ। प्रहरीले सिरहाको धनगढीमाइ नगरपालिका–१० स्थित प्रधान किराना पसलबाट १३ बोरा युरिया मल नियन्त्रणमा लिएको हो।

जिल्ला प्रशासन कार्यालय सिरहाको संयुक्त अनुगमन टोलीले विशेष सुचनाको आधारमा धनगढीमाई नगरपालिका–१० स्थित भरत प्रधानको किराना पसलबाट ३३ केजी दरका १३ बोरा युरिया मल बरामद गरेको हो । सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, राष्ट्रिय अनुसन्धान विभागका डीएसपी रिजन यादव तथा कृषि सामग्री कार्यालय लहानका प्रतिनिधि सम्मिलित टोलीले मल नियन्त्रणमा लिएर यसको स्रोत र बिक्री प्रक्रियाबारे अनुसन्धान थालेको जनाएको छ। डीएसपी यादवले किसानका लागि छुट्याइएको अनुदानको मल कालोबजारी गर्ने जोसुकैमाथि कानुनअनुसार कारबाही गरिने बताए।

# चौहान समुदायलाई अल्पसंख्यकमा सूचीकृत गर्न सरकारसमक्ष माग



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल चौहान कल्याण समाज, पर्साले चौहान जातिलाई अल्पसंख्यक समुदायको रूपमा आधिकारिक सूचीमा समावेश गर्न माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ । समाजका प्रतिनिधिहरूले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्री कार्यालय, सिंहदरबार काठमाडौंमा उक्त ज्ञापनपत्र पठाएका हुन्।

ज्ञापनपत्रमा मधेश प्रदेशका विभिन्न जिल्लासहित पर्सामा समेत चौहान समुदायको उल्लेख्य उपस्थिति रहे पनि सरकारी अभिलेख, जनगणना, नागरिकता तथा अन्य आधिकारिक दस्तावेजमा समुदायको स्पष्ट पहिचान स्थापित हुन नसकेको उल्लेख गरिएको छ । यही कारण समुदायका सदस्यहरू राज्यबाट प्रदान गरिने विभिन्न अवसर, अधिकार तथा सुविधाबाट वञ्चित हुने अवस्था रहेको समाजको दाबी छ।

समाजका अनुसार पर्सा जिल्लाका विभिन्न स्थानीय तह र वडाहरूमा मात्रै करिब पाँच हजार चौहान समुदायका नागरिक बसोबास गर्दै आएका छन्। तर, 'मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन–२०७८' मा चौहानलाई अन्य जातिको सूचीमा समावेश गरिएको भन्दै उक्त व्यवस्था पुनरावलोकन गरी चौहान जातिलाई छुट्टै पहिचानसहित अल्पसंख्यक समुदायमा सूचीकृत गर्न माग गरिएको छ।

ज्ञापनपत्रमा नेपालको संविधान–२०७२ ले सुनिश्चित गरेका मौलिक हक, समावेशी प्रतिनिधित्व तथा राज्यका सेवा–सुविधामा समान पहुँच सुनिश्चित गर्न चौहान समुदायको पृथक् पहिचान आवश्यक रहेको उल्लेख छ । साथै समुदायको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि आवश्यक नीति तथा कानुनी व्यवस्था गर्न सरकारसँग आग्रह गरिएको छ।

जातीय सूचीकरण अभियानका संयोजक चन्देश कुमार चौहान तथा नेपाल चौहान कल्याण समाजका कार्यवाहक अध्यक्ष अवध बिहारी प्रसाद चौहानद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा सम्बन्धित निकायमार्फत चौहान समुदायलाई अल्पसंख्यक सूचीमा समावेश गर्न आवश्यक पहल र सिफारिस गरिदिन अनुरोध गरिएको छ।

समाजका अनुसार ज्ञापनपत्रको बोधार्थ राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय तथा मधेश प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत पठाइएको छ।

# बैंकिङ कसुर र चेक अनादर मुद्दाका फरार प्रतिवादी पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
विभिन्न बैंकिङ कसुर तथा चेक अनादरसम्बन्धी मुद्दामा अदालतबाट कैद र जरिवानाको सजाय सुनाइएपछि फरार रहेका एक प्रतिवादीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साको फैसला कार्यान्वयन विशेष टोलीले सोमबार बिहान अदालतका फैसला कार्यान्वयन गर्ने क्रममा पर्साको पकाहाँ मैनपुर गाउँपालिका–२ निवासी ३४ वर्षीय राजेश सहनीलाई नियन्त्रणमा लिएको हो। उनलाई वीरगंज महानगरपालिका–११ क्षेत्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सहनीविरुद्ध बैंकिङ कसुर तथा चेक अनादरका चार वटा छुट्टाछुट्टै मुद्दामा पर्सा जिल्ला अदालतबाट सजायको फैसला भइसकेको थियो। तीमध्ये एक बैंकिङ कसुर मुद्दामा उनलाई २ दिन कैद र ३ लाख ६० हजार रुपैयाँ जरिवाना तोकिएको छ भने अर्को मुद्दामा १ वर्ष ५ महिना ५ दिन कैदसहित ५५ हजार रुपैयाँ जरिवाना हुने फैसला भएको थियो । त्यसैगरी चेक अनादरसम्बन्धी दुई वटा मुद्दामा जनही ५ हजार रुपैयाँका दरले जरिवाना निर्धारण गरिएको प्रहरीको भनाइ छ।

पक्राउ परेका सहनीलाई आवश्यक कानुनी प्रक्रिया तथा फैसला कार्यान्वयनका लागि पर्सा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए। प्रहरीले अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएर फरार रहेका व्यक्तिहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तर रूपमा अघि बढाइरहेको जनाएको छ।

# बर्डफ्लुको संक्रमित कुखुरा बारासम्म आइपुगेको पुष्टि

**मधेशदृष्टि**
**कलैया।**
कुखुरामा संक्रमित बर्डफ्लुको बारासम्म आइपुगेको पुष्टी भएको छ। पशुसेवा विभागले बर्डफ्लु पुष्टि भएका १० जिल्लामा बारा जिल्लाको नाम पनि सुचिकरणमा परको हो। संक्रमित १० जिल्लाका करिब सात लाख पन्छी नष्ट गर्दा बारा जिल्लामा पनि नष्ट गरिएको विभागले जनाएको हो।

विभागका अनुसार प्रभावित क्षेत्रमा रोग नियन्त्रण गर्न पन्छीसहित करिब तीन लाख किलो दाना नष्ट गरिएको छ । बारा, चितवन, महोत्तरी, सुनसरी, झापा, मोरङ, काठमाण्डौ, ललितपुर, भक्तपुर र नवलपरासीमा देखिएको रोगलाई अन्यत्र फैलिन नदिन सम्बन्धित जिल्लामा '¥यापिड रेस्पोन्स टिम' परिचालन गरिएको विभागका महानिर्देशक डा उमेश दाहालले जानकारी दिनुभयो। बर्डफ्लुको खोप विकास नभएकाले सङ्क्रमण देखिनासाथ पन्छी तथा पन्छीजन्य उत्पादन नष्ट गर्ने एक मात्रै उपाय हो।

यस क्रममा करिब ११ लाख अण्डा नष्ट गरिएको छ । सम्बन्धित किसानलाई नष्ट गरिएका पन्छीको नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराइने विभागले जनाएको छ।

# लागुऔषध गाँजासहित दुईजना पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहट प्रहरीले करिब साढे ५ किलो लागुपदार्थ गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको विशेष प्रहरी टोलीले गौर नगरपालिका–४ गढवा क्षेत्रबाट उनीहरूलाई गाँजासहित नियन्त्रणमा लिएको हो।

विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा गौर नगरपालिका–४ कै २६ वर्षीय राकेश कुमार कुशवाहा र २४ वर्षीय सुनिल कुमार बैठालाई पक्राउ गरेको जनाएको छ। उनीहरू सवार बीआर ०५ एस ६६०९ नम्बरको भारतीय सुपर स्प्लेन्डर मोटरसाइकल जाँच गर्दा उक्त गाँजा बरामद भएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले पक्राउ परेकाहरूको साथबाट ५ किलो ५५ ग्राम गाँजा, एक थान मोबाइल र उनीहरूले प्रयोग गरेको मोटरसाइकल बरामद गरिएको जानकारी दिएका छन्। पक्राउ परेका दुवै जनाविरुद्ध लागुऔषध सम्बन्धी कसुरमा आइतबार रौतहट जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिई घटनाबारे थप अनुसन्धान अगाडि बढाइएको छ।

## सम्पादकीय

# मधेशको बजेट: घटेर आयो तर सुधारिएर आयो

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३–८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । प्रदेशसभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको बजेट गत आर्थिक वर्ष २०८२÷८३ को ४६ अर्ब ५८ करोड रुपैयाँको तुलनामा करिब ५ अर्ब ४४ करोड रुपैयाँ कम हो । बजेटको आकारमा आएको यो संकुचनले प्रदेशको विकासका आकांक्षाहरू र वित्तीय यथार्थबीचको सन्तुलनलाई उजागर गरेको छ। यसले प्रदेश सरकारलाई सीमित स्रोतसाधनका बाबजुद जनअपेक्षा पूरा गर्न थप चुनौती थपेको देखिन्छ।

यस वर्षको बजेटले विगतका अनुभवहरूबाट पाठ सिक्दै वित्तीय अनुशासन र प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकतालाई औंल्याएको छ । गत आर्थिक वर्षमा मधेश प्रदेशको खर्च दर निकै कम रहेको (१९.४% मात्रै) तथ्यांकले बजेट विनियोजन मात्र पर्याप्त नहुने, बरु त्यसको समयमै र पारदर्शी कार्यान्वयन अपरिहार्य रहेको देखाउँछ। घट्दो बजेटका बाबजुद पनि प्रदेश सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास र सुशासनलाई प्राथमिकतामा राख्दै स्रोतको अधिकतम उपयोग गर्ने रणनीति अपनाउनु पर्नेछ। विशेषगरी, संघीय सरकारबाट प्राप्त हुने अनुदान र प्रदेशको आन्तरिक राजस्व परिचालनमा थप सक्रियता देखाउनु आवश्यक छ।

बजेटको आकारमा आएको कमीले संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा आएको परिवर्तन वा प्रदेशको आन्तरिक राजस्व संकलनको लक्ष्य पूरा नहुनु जस्ता कारणहरूलाई संकेत गर्न सक्छ । यस्तो अवस्थामा प्रदेश सरकारले खर्चको प्राथमिकीकरणमा विशेष ध्यान दिनुपर्छ । अनुत्पादक खर्च कटौती गरी विकास निर्माण र जनताको प्रत्यक्ष जीवनस्तरमा सुधार ल्याउने आयोजनाहरूमा बजेट केन्द्रित गर्नु बुद्धिमानी हुनेछ। यसले सीमित स्रोतबाट पनि अधिकतम प्रतिफल प्राप्त गर्न मद्दत पुर्याउनेछ।

बजेटको सफलता त्यसको कार्यान्वयनमा निर्भर गर्दछ । विगतमा देखिएका पुँजीगत खर्चको न्यूनता, आयोजना छनोटमा हुने राजनीतिक हस्तक्षेप र भ्रष्टाचार जस्ता समस्याहरूलाई सम्बोधन गर्नुपर्ने चुनौती प्रदेश सरकारसामु छ।

बजेटलाई कागजमा मात्र सीमित नराखी त्यसलाई यथार्थमा परिणत गर्नका लागि स्पष्ट कार्ययोजना, अनुगमन तथा मूल्यांकन प्रणाली र जवाफदेहिताको संयन्त्र बलियो बनाउनु पर्छ । स्थानीय तहसँगको समन्वय र सहकार्यलाई पनि प्रभावकारी बनाउनु आवश्यक छ, ताकि विकासका लाभहरू तल्लो तहसम्म पुग्न सकून्।

अन्ततः, मधेश प्रदेशको यो बजेटले प्रदेशको आर्थिक अवस्था र विकासको दिशालाई प्रतिबिम्बित गर्दछ। घट्दो बजेटका बाबजुद पनि प्रदेश सरकारले दूरदृष्टि, इमान्दारी र प्रभावकारी व्यवस्थापनका साथ काम गर्न सकेमा यसले प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्याउन सक्छ। जनताको विश्वास जित्न र प्रदेशलाई समृद्धिको पथमा अगाडि बढाउनका लागि वित्तीय अनुशासन, सुशासन र पारदर्शी कार्यान्वयन नै प्रमुख आधारस्तम्भ हुनेछन्।

# अपि हिमालको काखमा क्रिकेट: ‘खेलबाट खुल्दै पर्यटनको नयाँ ढोका‘

**नरेन्द्रसिंह कार्की/रासस**

सुदूरपश्चिमको सबैभन्दा उचाइको सात हजार १३२ मिटर अग्लो अपी हिमाल वरिपरि सेताम्मे हिमश्रृंखला छन् । तल हरियो घाँसेमैदान । भेडाबाख्राको बथानसँगै चरिरहेका देखिन्छन् । वरिपरि यार्सागुम्बा सङ्कलन गर्न पुगेका युवाहरूको चहलपहल।

अपि हिमालको काखमा रहेको अपि बेसक्याम्प, त्यहाँको स्थानीय भाषामा ‘पिलकन्द पैदान’ भनेर चिनिने मैदानमा युवाहरू क्रिकेट खेलिरहेका छन्। त्यहीँ हिमालको काखमा गुन्जिने क्रिकेटको ब्याट र बलको आवाज अहिले दार्चुलाको अपि हिमाललाई नयाँ पहिचान दिने माध्यम बनेको छ। गत शनिबार प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक सञ्जालमा अपि बेसक्याम्पमा क्रिकेट खेलिरहेको भिडियो भिडियो पोष्ट गरेपछि त्यो देशभर फैलियो।

दार्चुलाका फोटोग्राफर हिमालय भट्टले खिचेको भिडियोमा युवाहरू हिमाली मैदानमा क्रिकेट खेलिरहेका देखिन्छन्। प्रधानमन्त्री शाहले आफ्नै ¥याप शैली मिसाएर भिडियो पोस्ट गरेपछि अपि हिमालको चर्चा सामाजिक सञ्जालमा ‘भाइरल’ बनिरहेको छ । यो स्टाटससँगै अपिहिमालको क्रिकेट र पर्यटनको चर्चा सामाजिक सञ्जालमा चुलिएको छ।

फोटोग्राफर हिमालय भट्टले गत जेठ १२ गते यो भिडियो खिचेका थिए । फेसबुक पेज र इन्स्टाग्राममा राखेपछि यो भिडियोले निकै चर्चा पाएको फोटोग्राफर भट्ट बताउँछन्। इन्स्टाग्राममा भिडियो राम्रो ‘भ्यूज’ पाएपछि प्रधानमन्त्री कार्यालयले आफूसँग भिडियो माग गरेको उनले बताए । उनी भन्छन्, ‘प्रधानमन्त्रीज्यूले पोष्ट गरेपछि यो भिडियो निकै ‘भाइरल’ भइरहेको छ।’ तर, अपि हिमालमा क्रिकेटको सुरु भएको र चर्चा पाएको आज मात्रै भने होइन। यसको इतिहास दुई दशकभन्दा पुरानो भइसकेको छ।

### भारतको पिथौरागढ हुँदै गाउँसम्म आइपुगेको क्रिकेट

२०५९ सालतिर अपि हिमाल गाउँपालिकामा क्रिकेट भित्रिएको हो। त्यतिबेला गाउँका केही विद्यार्थी भारतको पिथौरागढमा अध्ययन गर्थे । जिल्लामा क्याम्पस नहुँदा युवाहरू भारतमा अध्ययन गर्न जाने गर्दछन्। विद्यालयमा क्रिकेट खेल्ने र हेर्ने क्रममा उनीहरू खेलसँग परिचित भए। घर फर्किएपछि उनीहरूले तत्कालीन खण्डेश्वरीको खात्तीस्थित ‘सम्तेली’ चौड मैदानमा क्रिकेट खेल्न सुरु गरे।

सुरुआती पुस्तामा झलकसिंह धामी, दमनसिह रोकाया, दीपक लोथ्याल, मदन कार्कीलगायतका युवाहरू क्रिकेटप्रति रुचि राख्नेमा थिए। उनीहरू भारतमा क्रिकेटसँग सामान्य रूपमा परिचित भएका थिए। गाउँमा फर्किएपछि कसरी खेल्ने भन्ने अन्योलबीच मदनसिह कार्कीलगायतको समूहले ‘समाज सुधार समाज युवा क्लब’ गठन गरिसकेका थिए । सोही क्लबमार्फत २०५९ सालको दशैंमा पहिलोपटक ‘सेस क्रिकेट’ बाट खेल सुरु गरिएको थियो।

धामीका अनुसार सुरुमा गाउँमा ब्याट र बल उपलब्ध थिएन। कपडाको बल बनाएर र काठको ब्याट प्रयोग गरेर समेत क्रिकेट खेलिन्थ्यो । अम्पायरिङसम्बन्धी ज्ञानको समेत अभाव थियो। भारतबाट ल्याइएका किताबका आधारमा क्रिकेटका नियम सिक्ने र सिकाउने काम हुन्थ्यो। समग्रमा यो क्षेत्रको लागि क्रिकेट नयाँ खेल थियो। ‘त्यो बेला युवाहरूमा उत्साह धेरै थियो,’ धामी भन्छन्, ‘पाँच–सात वर्षसम्म क्रिकेटले निकै राम्रो विकास पनि ग¥यो । केही खेलाडी क्षेत्रीयदेखि राष्ट्रियस्तरसम्म पुगे।’ तर पछिल्लो समय क्रिकेट रमाइलोमै सीमित बन्दै गएकोमा उन दुःखी छन्। ‘त्यो अवस्थालाई हेर्ने हो भने अपि हिमालका खेलाडीले अहिले राष्ट्रियस्तरमै प्रभाव जमाउन सक्थे,’ उन भन्छन्, ‘तर सरकारी लगानी भएन। खेल क्षेत्रले आवश्यक प्राथमिकता पाएन।’

उनका अनुसार विद्यालय तहदेखि नै खेलकुदमा लगानी गर्नसके मात्रै दीर्घकालीन उपलब्धि सम्भव हुन्छ । उनीहरूले गाउँका युवाहरूलाई क्रिकेट सिकाए, स्थानीय प्रतियोगिता आयोजना गरे । दशैं–तिहारका बेला खेलिने रमाइलो खेलको रुपमा विकास भयो । त्यसयता क्रिकेट अपि हिमालको चाडपर्वसँग जोडिएको परम्पराका रूपमा विकसित भइरहेको छ । यहाँ उत्पादन जनशक्तिलाई माथिल्लो निकायसम्म जोड्न सकिएको छैन्।

पूर्वराष्ट्रिय क्रिकेट खेलाडी खडकसिंह लोथ्याल स्थानीय सरकार आएपछि गाउँमै खेलाडी उत्पादनभन्दा पूर्वाधार विकासमा मात्र जोड दिइएको बताउँछन्। ‘खेल क्षेत्रका लागि स्थानीय सरकारको स्पष्ट नीति छैन। लगानी पनि योजनामै सीमित छ,’ उनी भन्छन्, ‘खेल नबुझेका व्यक्तिलाई खेलकुद क्षेत्रको जिम्मेवारी दिँदा विकास सम्भव हुँदैन ।’ खेलाडीलाई प्रोत्साहत नहुनु र क्लबहरूसँग समन्वयको अभावले गर्दा गाउँमा खेलकुदको अपेक्षाकृत विकास हुन नसकेको उनको भनाइ छ। ‘राज्यले खेल क्षेत्रलाई अपनत्व ग्रहण गर्न सके लगानीको सही प्रतिफल आउँथ्यो,’ उनले भने।

### यार्सागुम्बा टिप्ने मैदानमा क्रिकेट

क्रिकेटको विस्तार गाउँदेखि हिमालतिर उक्लियो। यार्सागुम्बा सङ्कलनका लागि युवाहरू अपी बेसक्याम्प पुग्न थालेपछि त्यहाँ पनि क्रिकेट सुरु भयो। अपि हिमालको फेदमै पिलकन्द मैदान छ। अहिले चर्चा गरिएको त्यही ठाउँ अपि हिमालको वेश क्याम्पस छेउमा पर्छ । यो स्थानीयको पशुचौपाया, भेडाबाख्रा चरिचरन क्षेत्र पनि हो । यार्सागुम्बा सङ्कलन गरेपछि फुर्सदको समयमा मैदानमा क्रिकेट, भलिवललगायतका खेलको विकास हुन थालेको छ।

पूर्वक्रिकेटर दीपक लोथ्यालका अनुसार अपि क्षेत्रमा दुई दशकदेखि क्रिकेट खेलिँदै आएको छ। ‘२०६२ सालमा लालीगुराँस युवा क्लब पाटुले पहिलो क्रिकेट प्रतियोगिता आयोजना पिलकन्द मैदान (हालको अपि वेसक्याम्प)मा आयोजना गरेको थियो,’ उनी सम्झन्छन्, ‘त्यतिबेला श्रीएल लिथीले सितीको टोलीलाई हराएको थियो । म त्यही टोलीको कप्तान थिएँ ।’ उनका अनुसार अहिले सामाजिक सञ्जालमार्फत अपि हिमाल विश्वसामु पुग्नु गर्वको विषय बनेको छ। ‘यो भर्जिन रुटका रूपमा रहेको अपि हिमाललाई नयाँ पर्यटकीय गन्तव्यका रूपमा चिनाउने अवसर हो,’ उन भन्छन्।

अपि हिमालको साविकको खण्डेश्वरी गाविसको खात्ती मैदानमा २०५९ सालमै क्रिकेट सञ्चालन गर्नुभएका संस्थापक मदन कार्की विगत सम्झँदै भन्छन् ‘बीस वर्षअघि त्यो मैदानमा क्रिकेट खेल्दा एक दिन अहिलेको जस्तो माहोल होला भन्ने कल्पना थिएन,’ उनी भन्छन्, ‘अब क्रिकेटलाई पर्यटनसँग जोड्ने समय आएको छ।’

### खेलसँगै पर्यटन ढोका खुल्दै

अपि हिमाल गाउँपालिकाले अहिले क्रिकेटलाई खेलका रूपमा मात्र होइन, पर्यटन प्रवद्र्धनको माध्यमका रूपमा पनि हेर्न थालेको छ । गाउँपालिका अध्यक्ष भगतसिह ठेकरे बोहराका अनुसार चार वर्षदेखि अपि हिमाललाई सुदूरपश्चिमकै प्रमुख पर्यटकीय गन्तव्य बनाउने लक्ष्यसहित विभिन्न योजना अघि बढाएको बताए। गाउँपालिकाले स्वास्थ्य पर्यटन, कृषि पर्यटन, शिक्षा पर्यटन र खेल पर्यटनलाई प्राथमिकतामा राखेको छ। विशेषज्ञ स्वास्थ्य शिविर, योग–ध्यान कार्यक्रम, रैथाने बाली तथा अर्गानिक खानाको प्रवद्र्धन, स्वयंसेवी शिक्षक कार्यक्रमदेखि उच्च हिमाली खेलकुद रङ्गशाला निर्माणसम्मका योजना बनाइएका छन्।

गाउँपालिकाको दीर्घकालीन लक्ष्य भनेको अपी बेसक्याम्पमै राष्ट्रियस्तरको मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता आयोजना गर्नु हो। भलिबल, फुटबल र अल्ट्रा म्याराथन प्रतियोगितासमेत सञ्चालन गर्ने योजना गाउँपालिकासँग रहेको उन बताउँछन्। ‘पर्यटनलाई आर्थिक विकाससँग जोड्ने हाम्रो लक्ष्य हो,’ अध्यक्ष बोहरा भन्छन्, ‘सुन्दर, समृद्ध र विकसित अपिहिमाल निर्माण गर्ने सपना छ।’

प्रधानमन्त्री वालेन्द्र शाहले शनिबार भिडियो पोस्ट गरेपछि अपि हिमाल एकाएक राष्ट्रिय चर्चामा आएको छ। हिमालको फेदीमा क्रिकेट खेलिरहेको दृश्यले धेरैलाई आकर्षित गरेको छ । एउटा सामाजिक सञ्जालमा पोष्ट भएको यो भिडियोले अहिले विश्वको ध्यान अपि हिमालमा खिचेको छ । अध्यक्ष बोहराले प्रधानमन्त्री शाहप्रति आभार व्यक्त गर्दै अपि भ्रमणको निम्तोसमेत दिएका छन्। ‘उनले अपिको प्रचार गरेर ठूलो गुन लगाउनुभएको छ,’ उन भन्छन्, ‘हामी अपिवासी उनलाई यहाँ स्वागत गर्न आतुर छौँ।’

अहिले यो अपिहिमाल वेश क्याम्पमा आन्तरिक तथा बाह्य गरी वार्षिक पाँच हजार पर्यटकले भ्रमण गर्ने गरेका छन्। अझै यसलाई १० हजार पर्यटकले घुम्नेसक्ने गरी विकास गर्ने लक्ष्य रहेको अध्यक्ष बोहरा बताउँछन्। अपिहिमाललाई सुदूरपश्चिमकै उत्कृष्ट गन्तव्य बनाउने योजना छ । पर्यटन प्रवद्र्धनको लागि होमस्टे बनाउने, पदयात्रा मार्ग अझै सुधार गर्दै लैजानेलगायतका गतिविधि गर्न बाँकी नै रहेको उनको भनाइ छ।

### ‘हाई अल्टिच्युड एडभेन्चर क्रिकेट रङ्गशाला‘ निर्माण गरिँदै

अपि हिमाल गाउँपालिका–४ मा रहेको सम्तेली चौडमा ‘हाई अल्टिच्युड एडभेन्चर पर्यटन क्रिकेट रंगशाला’ निर्माण गरिरहेको छ। चालू आर्थिक वर्षमा कूल सात करोड रुपैयाँ लागतमा क्रिकेट मैदान निर्माण भइरहेको हो । समुद्र सतहदेखि २४५० मिटर उचाइमा बन्ने यो खेल मैदान नेपालकै साहसिक एडभेन्चर र उच्च उचाइमा अवस्थित सम्भावनायुक्त क्रिकेट रङ्गशाला हुने अपेक्षा गाउँपालिकाल गरेको छ।

गाउँपालिकाका अध्यक्ष बोहरा यो परियोजनाले गाउँपालिकाको आर्थिक उत्थान, स्थानीय रोजगार सिर्जना, पर्यटन विकास र युवा खेलाडीहरूको क्षमता अभिवृद्धिमा प्रत्यक्ष योगदान पुग्ने बताउँछन् । ‘यो रङ्गशाला हाम्रो गौरवको परियोजना हो, अपि क्षेत्रलाई खेल पर्यटनको विश्व नक्सामा चिनाउने हाम्रो साझा सपना हो,’ उनले भने।

### के छ सरकारी योजना ?

सरकारको शासकीय सुधारका सय कार्यसूचीमा सुदूरपश्चिमका हिमाल पनि समेटिएका छन् । ती स्थानमा व्यवस्थित पर्यटनका लागि आवश्यक अध्ययन गरी एक महिनाभित्र कार्यान्वयन योग्य खाका प्रस्तुत गर्ने कुरा उल्लेख छ । अछामको रामारोशन, बाजुराको बडिमालिका र दार्चुलाको अपि हिमाल पदयात्रा मार्ग सरकारको उच्च प्राथमिकतामा छ । अपि हिमाल गाउँपालिका सँगको समन्वयमा नेपाल पर्यटन बोर्डको दिगो पर्यटन परियोजनाले अपि साइपाल पदयात्रा मार्गको विकासको लागि काम गरिरहेको छ।

भट्टलाई अपिहिमाल गाउँपालिकाले पर्यटनदूत नियुक्त समेत गरेको थियो। उनले दार्चुलाको साथै सुदूरपश्चिम र कर्णाली क्षेत्रका पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्दै आउनुभएको छ। अपि र साइपाल आधार शिविरसम्म पुग्ने मार्गमा रहेका झरना, तालतलैया तथा नदीनाला, रङ्गीविरङ्गी फूलले ढाकेका पाटन र भौगोलिक तथा जैविक विविधताको संयोजनले यो क्षेत्र आरोहीका लागि मात्र नभएर पदयात्री र पर्यावरणमा चासो राख्नेका लागि समेत नौलो अनुभव दिलाउने खालको रहेको छ।

यस्तै अघिल्लो सरकारको साउन १२ को नेपाल सरकार मन्त्रिपरिषद् बैठकले सुदूरपश्चिम र कर्णालीका हिमाल आरोहण गर्दा दुई वर्षसम्म सलामी दस्तुर नलाग्ने निर्णय गरेको छ। सरकारको यो निर्णयले राजधानीबाट टाढा रहेकाले महंगो खर्चका कारण यहाँ आउन हिच्किचाउने पर्यटकलाई राहत हुने र पर्यटकको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाका अध्यक्ष बोहरा सरकारलाई तिर्नुपर्ने सलामी दस्तुरको खर्चले पर्यटकको आधा भन्दा बढी रकम सस्तो हुने बताउँछन्। आरोहण वा पदयात्रा मार्गको विकासका लागि हिमालका आधार शिविरसम्म पुग्ने सुरक्षित पदमार्ग, क्याम्प साइट, बाटोमा खानबस्न मिल्ने ‘टी हाउस‘को निर्माण, बाटोका बारेमा जानकारी दिने सङ्केत चिन्ह र शौचालयजस्ता पूर्वाधारहरू निर्माण गर्नुपर्ने बताउँदै उन भन्छन्, ‘हामीले थुप्रै संरचना निर्माण गर्दैछौं। ट्रेकिङ चिन्ह बनाएका छौँ। अझै धेरै गर्न बाँकी छ।’

### कसरी पुग्ने अपि हिमाल ?

अपि हिमाल वेशक्याम्प पुग्न काठमाडौँबाट एक घण्टा हवाई दुरीमा धनगढी पुगिन्छ । धनगढी अतरियाबाट २६० किलोमिटर बस तथा जीपको यात्राबाट दार्चुलाको मार्मा गाउँपालिका लटिनाथसम्म पुग्न सकिन्छ । धनगढी अतरियाबाट दार्चुलाको मार्मा सम्म पुग्न सहजै बस तथा जीपहरू नियमित चल्नेगर्छ। यो ठाउँको यात्रा १३ घण्टाको हुनेछ । बसहरू मार्मा गाउँपालिका लटिनाथसम्म जाने गर्छ भने जीप भेट्टाउनु भयो भने अपि हिमाल गाउँपालिकाको मकरीगाड हुँदै हाल अपिहिमाल गाउँपालिका–३ को काफलधारसम्म सहज रुपमा चल्छ।

मकरीगाडमा स्थापना गरिएको पर्यटकीय सूचना केन्द्रबाट कुन मार्ग भएर वेश क्याम्प पुग्ने, होमस्टेको बारेमा जानकारी लिन र घुम्नै परे गाइड र भरिया व्यवस्थापन गर्न सहज हुनेछ। सूचना केन्द्रमा अक्कलसिह ठगुन्नाले पर्यटकीय गन्तव्यको बारेमा विस्तृत जानकारी दिने गरेका छन्।

मकरीगाड पुगेपछि दुई वटा मार्ग छन्। एउटा मार्ग गाउँपालिका केन्द्र खण्डेश्वरी हुँदै वेसक्याम्प पुग्ने हो। खण्डेश्वरी जान मकरीगाडदेखि उकालो लाग्दा चार हजार पाँच सय सिढीं चढ्नुपर्छ । चीनको ग्रेटवालको झल्को दिने गरी निर्माण गरिएको सिंढी निकै सुन्दर छ। गाउँपालिका नजिकै रहेको नौपाटा होमस्टेमा पर्यटकलाई स्वागत गर्न आमा समूह तथा स्थानीय क्लव छन्।

अर्को मकरीगाडबाट खण्डेश्वरीको फेद काफलधारसम्म गाडी चढेर जाने हो। अपि हिमाल गाउँपालिका–२ को घुसा, नालीमा पर्यटक बस्न होमस्टे निर्माण गरिएको छ। घुसा नालीबाट दुई घण्टा पदयात्रा गर्नेबित्तिकै अपि हिमाल गाउँपालिका–१ को सीति खायकोटमा रहेको होमस्टेमा खाना र बस्नको लागि व्यवस्था गरिएको छ।

खायकोटबाट सीमार छिरछिरे लगायतका क्षेत्रमा पर्यटक बस्ने आवास तथा होटल निर्माण गरिएको छ । सीमारबाट नौ किलोमिटर दुरीमा रहेको धौलीओडारमा पर्यटक बस्ने राम्रो सुविधा छ।

यहाँबाट अपि हिमाल वेसक्याम्प पुग्न तीन किलोमिटर हिंड्नुपर्छ । पुरै मैदानी फाँट रहेको पिलकन्दह पुग्ने बित्तिकै अपिहिमाल, नाम्पा हिमालको दर्शन गर्न सकिन्छ। पिलकन्द दहबाट कालीढुङ्गा तालसम्म पुग्न अर्को दुई घण्टा समय लाग्छ । यो ताल निकै आकर्षक र सुन्दर छ । पिलकन्द अपि वेशक्याम्पमा बास बस्न होटलहरू छन्।

मैदानी घासेमैदान रहेको यो क्षेत्र वरिपरि वैशाख जेठ र असारमा यार्सागुम्बा सङ्कलकहरूको भीड लाग्ने गर्छ । यहाँ स्थानीयवासीले भेडा, बाख्रा पशुचौपाया चरिचरनको लागि लैजाने गर्छन् । अपि नाम्पा संरक्षण क्षेत्र भएको कारण यो क्षेत्रमा वन्यजन्तु, चरालगायतको अवलोकन गर्न सकिन्छ । अपि नाम्पा संरक्षण क्षेत्रभित्र २५ प्रकारका स्तनधारी, २ सय ४३ प्रजातिका चराहरू र ७५ प्रकारका जडिबुटी पाइने गरेको छ।

विश्वमै दुर्लभ बन्दै गएको यो क्षेत्र हिमाली पारिस्थितिक प्रणाली संरक्षणका दृष्टिले पनि उतिकै संवेदनशील छ। संरक्षणको पाटोलाई पूर्ण बेवास्ता गरिएका कारण केही वर्षयता भइरहेको अस्वभाविक दोहनले अस्तित्व नै सङ्कटमा पर्ने चिन्ता बढाएको छ।

बढ्दो तापमान र अस्वाभाविक मौसमी परिवर्तनले हिमालहरू कालापहाडमा रूपान्तरण हुँदै गएका छन् भने अर्कोतिर जडीबुटी सङ्कलनका लागि वर्सेनि ठूलो संख्यामा हिमाली क्षेत्रमा पुग्ने मानिसले जथाभावी चोरीशिकार गर्ने, डढेलो लगाउने, फोहोर फाल्ने, वन फडानी गर्नेलगायतका गतिविधिले हिमाली क्षेत्रको जैविक विविधता सखाप हुने क्रममा छ। यसको संवेदनशीलतालाई हेरेर अपि नाम्पा संरक्षण क्षेत्रले समेत पर्यटन प्रवद्र्धनको क्षेत्रमा लगानी गर्नुपर्ने सरोकारवालाको भनाइ छ।

# हर्मुज खुल्ने सहमति, युद्धविराम विस्तारको प्रयास

संयुक्त राज्य अमेरिका र इरानबीच हर्मुज जलघाँटी पुनः खोल्ने तथा इरान युद्धमा लागू रहेको अस्थिर युद्धविरामलाई थप विस्तार गर्ने उद्देश्यसहित प्रारम्भिक अन्तरिम सम्झौता भएको घोषणा गरिएको छ । यदि यो सम्झौता कार्यान्वयनमा आयो भने विश्व बजारमा तेल र प्राकृतिक ग्यासको आपूर्ति पुनः सहज भई ऊर्जा सङ्कटको जोखिम घट्ने तथा विश्व अर्थतन्त्रमा स्थिरता आउने अपेक्षा गरिएको छ ।

यद्यपि सम्झौताका पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन । इरानले भने औपचारिक हस्ताक्षर नभएसम्म कुनै पनि प्रावधान कार्यान्वयनमा नल्याइने स्पष्ट पारेको छ । प्रमुख मध्यस्थकर्ताको भूमिका खेलेको पाकिस्तानका अनुसार सम्झौतामा हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्याण्डमा हुन सक्नेछ । यो सहमतिले मध्यपूर्वमा हजारौँको ज्यान लिएको युद्ध अन्त्य गर्ने सम्भावित मार्ग खोल्न सक्ने विश्लेषण गरिएको छ ।

तर प्रारम्भिक सहमतिले सुरुदेखि नै अनेक चुनौतीको सामना गरिरहेको छ । विशेषगरी लेबनानमा इरान समर्थित हिजबुल्लाह र इजरायलबीच जारी तनावले वार्तालाई प्रभावित गर्ने जोखिम देखिएको छ । आइतबार इजरायलले बेरुतको दक्षिणी क्षेत्रमा आक्रमण गरेपछि क्षेत्रीय तनाव पुनः बढेको थियो ।

सम्झौताअन्तर्गत सबैभन्दा जटिल विषय इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार र आणविक कार्यक्रमको भविष्य हो । यी विषयमा समाधान खोज्न पक्षहरूलाई ६० दिनको समय दिइएको छ । सन् २०१५ मा भएको आणविक सम्झौतामा यस्ता विषय टुङ्ग्याउन वर्षौं लागेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको निर्णय गरेपछि तनाव क्रमशः बढ्दै युद्धको अवस्थामा पुगेको थियो ।

ह्वाइट हाउसमा आफ्नो ८०औँ जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा ट्रम्पले सामाजिक सञ्जालमार्फत युद्धविराम प्रयासलाई स्वागत गर्दै हर्मुज जलघाँटी खुलाउन तथा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने आदेश दिएको घोषणा गर्नुभएको थियो । तर उनले शुक्रबार औपचारिक हस्ताक्षर नभएसम्म जलघाँटी पूर्ण रुपमा सञ्चालनमा नआउने पनि स्पष्ट पारे ।

इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले सरकारी टेलिभिजनमार्फत सम्झौताको पुष्टि गर्दै हस्ताक्षरपछि मात्रै कार्यान्वयन सुरु हुने बताए । उनका अनुसार कतारको मध्यस्थतामा भएको वार्तापछि यो समझदारी सम्भव भएको हो ।

इजरायलले भने यस विषयमा तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । इजरायलले दक्षिणी लेबनानमा आफ्ना सैन्य कारबाही जारी राख्ने विषयमा विशेष जोड दिँदै आएको छ । फेब्रुअरी २८ मा अमेरिका इजरायलसँग मिलेर युद्धमा संलग्न भएको थियो ।

सम्झौताप्रतिको आशावादले अन्तर्राष्ट्रिय बजारमा तत्काल प्रभाव देखिएको छ । बेन्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल चार डलरभन्दा बढीले घटेको छ भने एसियाली शेयर बजारमा उल्लेख्य वृद्धि देखिएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सबै पक्षले लेबनानसहितका सबै मोर्चामा सैन्य गतिविधि स्थायी रूपमा अन्त्य गर्ने घोषणा गरेको जानकारी दिनुभएको थियो । तर इजरायलले यस विषयमा औपचारिक सहमति जनाएको छ वा छैन भन्ने अझै स्पष्ट छैन । पाकिस्तानी अधिकारीहरूका अनुसार आगामी ६० दिनभित्र इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा व्यापक वार्ता हुनेछ । आवश्यक परे समयसीमा थप लम्ब्याउन सकिने पनि जनाइएको छ ।

इरानी सरकारी सञ्चारमाध्यमले सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयलाई उद्धृत गर्दै युद्ध तत्काल अन्त्य हुने र अमेरिकी नाकाबन्दी पूर्ण रूपमा हटाइने जनाएको छ ।

वार्ताको संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा बोल्ने अधिकारीहरूका अनुसार १७ घण्टा लामो छलफलपछि कतारी मध्यस्थकर्ताहरू तेहरानबाट फर्किएका थिए । यस साताभित्र दोहामा पक्षहरूसँग छुट्टाछुट्टै प्राविधिक बैठक हुने तयारी छ ।

शुक्रबार हुने हस्ताक्षर समारोहमा इरानको प्रतिनिधित्व कसले गर्ने भन्ने अझै तय भएको छैन । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले ह्वाइट हाउसले सहभागीहरूको सूची अन्तिम रूप दिइरहेको बताउनुभएको छ । उन स्वयं उपस्थित हुने सम्भावना रहेको र राष्ट्रपति ट्रम्प पनि सहभागी हुन सक्ने सङ्केत दिएका छन् ।

यसैबीच अमेरिकाभित्रै सम्झौताप्रति शङ्का व्यक्त हुन थालेको छ । रिपब्लिकन सिनेटर लिन्डसे ग्राहमले इरान र अमेरिकी वार्ता टोलीको व्याख्या फरक देखिएको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ । न्युयोर्कका सांसद ग्रेगरी मीक्सले पनि इरानसँग हुने कुनै पनि सम्झौताको अमेरिकी कंग्रेसले निगरानी गर्ने बताएका छन् ।

युद्धले इरानभित्र राजनीतिक परिवर्तन पनि ल्याएको छ । प्रारम्भिक आक्रमणमा सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि उनका छोरा आयातोल्लाह मोजताबा खामेनी नयाँ सर्वोच्च नेता बन्नुभएको छ । उन सार्वजनिक रूपमा नदेखिए पनि सम्झौताका लागि उनको स्वीकृति अनिवार्य मानिएको छ ।

विश्लेषकहरूका अनुसार सम्झौता सफल भए पनि विश्व ऊर्जा आपूर्ति पूर्ण रूपमा सामान्य अवस्थामा फर्किन समय लाग्न सक्छ । ढुवानी र बीमा कम्पनीहरूले दीर्घकालीन स्थायित्वको सुनिश्चितता खोजिरहेका छन् । उता इरानसँग अझै पनि ठूलो मात्रामा ब्यालेस्टिक क्षेप्यास्त्र र उच्च समृद्ध युरेनियम रहेको बताइन्छ, जसले भविष्यमा फेरि तनाव बढ्न सक्ने चिन्ता कायम राखेको छ ।

अमेरिकाले सम्झौताअन्तर्गत इरानबाट समृद्ध युरेनियम हटाउन माग गरेको छ । रुसले उक्त सामग्री आफ्नो नियन्त्रणमा लिन प्रस्ताव गरेको भए पनि इरानले आफ्नो युरेनियम भण्डार कायम राख्ने अडान सार्वजनिक रूपमा दोहो¥याउँदै आएको छ । यही विषय आगामी वार्ताको सबैभन्दा कठिन मुद्दा बन्ने अनुमान गरिएको छ । एजेन्सी

### प्रतिनिधिसभाः

# सांसदद्वारा हात्तीको आक्रमण, चिया निर्यात, साइबर सुरक्षालगायतका विषय उठान

**काठमाडौँ ।**
सांसदहरुले हात्तीको आक्रमण, चिया निर्यातमा भएको अवरोध, साइबर सुरक्षालगायतका विषय उठान गरेका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकको आकस्मिक समयमा सांसदहरूले सीमा विवाद, वैदेशिक रोजगारी, जलवायु परिवर्तन, यार्सागुम्बा संरक्षणलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् ।



सांसद नरेन्द्रकुमार केरुङले पूर्वी नेपालबाट भारत निर्यात हुँदै आएको चियामा भारतीय पक्षले अवरोध गर्दा चिया उद्योगहरू सङ्कटमा परेको बताए । 'चिया उद्योग बन्द हुने अवस्था आउँदा श्रमिकले रोजगारी गुमाउनाका साथै उत्पादित चिया खेर जाने स्थिति सृजना भएको छ,' उनले भने 'चिया निर्यात समस्याको दीर्घकालीन समाधानका लागि कूटनीतिक पहल तीव्र बनाउन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।'

सांसद निशा डाँगीले झापाको मेचीनगर क्षेत्रमा जङ्गली हात्तीको आक्रमण बढ्दै गएको बताए । 'मेचीनगरकी पद्मा पौडेलमाथि हात्तीले आक्रमण गरेको तथा तीन बिघा मकैबाली नष्ट गरेको छ,' उनले भने 'भारतबाट नेपाल प्रवेश गर्ने हात्तीका कारण स्थानीय त्रसित बनेका छन् । समस्या समाधानमा सरकारले चासो बढाउनुपर्छ ।'

सांसद रचना खतिवडाले जेनजी आन्दोलनसँग सम्बन्धित झुटा मुद्दाहरू खारेज गर्न सरकारसँग माग गरे । सांसद आशिका तामाङले नवलपरासीको सुस्ता क्षेत्रमा देखिएको सीमा समस्याबारे सरकारको ध्यानाकर्षण गराइन् । गण्डक नदीले धार परिवर्तन गर्दा सीमा विवाद जटिल बन्दै गएको उल्लेख गर्दै उनले यस विषयमा छानबिन गरी आवश्यक कूटनीतिक पहल अघि बढाउन आग्रह गरिन् । सांसद सिर्जना श्रेष्ठले बढ्दो 'साइबर बुलिङ' रोक्न साइबर सुरक्षा प्रणालीलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिइन् । उनले साइबर अपराधविरुद्ध जनचेतना अभिवृद्धि तथा साइबर सुरक्षासम्बन्धी शिक्षाको विस्तार आवश्यक रहेको बताइन् ।

सांसद यज्ञबहादुर बोगटीले अछामकी मनिषा साउदको मृत्युबारे निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कडा कारबाही गर्न सरकारसँग माग गरे । सांसद इन्दिरा रानामगरले जङ्गली हात्तीको आक्रमणका घटना बढ्दै गएको बताउँदै मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याइन् । उनले हात्ती व्यवस्थापनका लागि दीर्घकालीन योजना बनाउन सरकारलाई आग्रह गरिन् ।

सांसद प्रकाशसिंह कार्कीले सोलुखुम्बुको लिपुखोलामा निर्माणाधीन जलविद्युत् आयोजनाका कारण डुबानको जोखिम तथा खानेपानीका मुहान सुक्ने समस्या देखिएको बताए । विकास र वातावरणबीच सन्तुलन कायम गरेर मात्रै आयोजना सञ्चालन गर्नुपर्ने उनको भनाइ थियो । सांसद बलावती शर्माले कैलालीको गोदावरी नगरपालिका–४ मा डिभिजन वन कार्यालयका कर्मचारीलाई भीरबाट धकेलिएको घटनाप्रति आपत्ति जनाउँदै निष्पक्ष छानबिनको माग गरिन् ।

सांसद अम्बिकादेवी सङ्ग्रौलाले पनि उक्त घटनाको विरोध गर्दै अमानवीय व्यवहारमा संलग्न व्यक्तिलाई छानबिनको दायरामा ल्याई कानुनी कारबाही गर्नुपर्ने बताइन् । सांसद खडकबहादुर बुढाले सो घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारसँग माग गरे । सांसद धनबहादुर बुढाले कर्णाली प्रदेशको आर्थिक मेरुदण्डका रूपमा रहेको यार्सागुम्बा सङ्कटमा परेको बताए । जलवायु परिवर्तन र अव्यवस्थित सङ्कलनका कारण उत्पादन घट्दै गएको तथा स्थानीयको आम्दानीमा असर परेको उनले उल्लेख गरे ।

सांसद निराशा चौधरी (डगौरा) ले वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याप्रति सरकारको ध्यानाकर्षण गराउँदै विदेशमा अलपत्र परेका नेपाली नागरिकको उद्धारका लागि प्रभावकारी नीति तथा संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिइन् । आकस्मिक समयमा सांसदहरु खेमराज कोइराला, यसोदाकुमारी बराल, खड्कबहादुर शाही, भरतकुमार स्वार, गङ्गादेवी श्रेष्ठ, ऐनबहादुर महरले विभिन्न समसामयिक विषयमा आफ्नो धारणा राखे ।

**विनियोजन विधेयकमाथि मन्त्रालयगत छलफल**

प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ माथिको छलफल प्रारम्भ भएको छ । सभाको सोमबारको बैठकमा विभिन्न नौ मन्त्रालयको विनियोजन शीर्षकमाथि समूहीकृतरुपमा छलफल सुरु भएको हो ।

बैठकमा युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल हुनेछ ।

सभामुख डोलप्रसाद अर्यालले आजका लागि शून्य र विशेष समय नराखिएको जानकारी गराउँदै खर्च कटौतीको प्रस्ताव राख्ने सांसदहरुलाई आफ्नो प्रस्तावसहित उल्लिखित विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिन समय दिए । सभामा सांसद कृपाराम राना र पार्वती विकले धारणा राखिसकेका छन् । यसैगरी जोगकुमार बरबरिया, सन्तोष सुब्बा, नीता घतानी, परशुराम तामाङ, अर्जुनकुमार कार्की, नरेन्द्रकुमार केरुङ, रमेशकुमार मल्ल, साजिदा खातुन सिद्धिकी, युवराज दुलाल र एशुदाकुमारी बरालले विभिन्न मन्त्रालयको विनियोजन शीर्षकको खर्च रकम घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले गत जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८३÷८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गरेका थिए । सभामा यसअघि बजेटमाथि सामान्य छलफल र अर्थमन्त्रीबाट जवाफ दिने कार्यक्रम सम्पन्न भइसकेको छ । रासस

# राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरण आवश्यकः मन्त्री पुन



**काठमाडौं ।**
विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले सरकारले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरणलाई प्राथमिकतामा राखेको बताएका छन् । प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' सम्बन्धमा विज्ञसँगको छलफलमा उनले बर्दिवास, धनगढी, बुटवल र वीरेन्द्रनगरमा रहेका प्रयोगशालाको भौतिक संरचना निर्माण गरिने जानकारी दिए ।

समितिका सभापति डा ओजस्वी शेरचनले प्रयोगशालाको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको बताए । प्रयोगशाला विज्ञहरू ओमप्रकाश शर्मा र गोपाल चौधरीले अपराधीकरणका मुद्दामा जाँच गरिने डिएनए परीक्षण र मानव पहिचानसम्बन्धी डिएनए बैंकको आवश्यकताबारे धारणा राखेका थिए । साथै, विज्ञ नीराजन थापाले प्रयोगशालामा दक्ष जनशक्तिको अभाव भएको बताउँदै विधेयकमा प्रशिक्षणको व्यवस्था समावेश गरिनुपर्ने सुझाव दिए । सांसद डा चन्द्रमोहन यादवले 'डिएनए डेटा बेस बैंक' आवश्यक रहेको बताए । सांसद डा लेखजङ्ग थापाले पनि डिएनए बैंक स्थापना जरुरी रहेको बताउनुभयो । उनले डिएनए सुरक्षाका लागि प्रयोगशालको लेखापरीक्षण गर्नुपर्ने धारणा राखे । सांसद पुकार बमले प्रयोगशालालाई देशव्यापी र प्रभावकारी बनाउन योजना निर्माण आवश्यक रहेको बताए । सांसद गुरुप्रसाद बरालले वैज्ञानिक विदेश पलायन हुनबाट रोक्न योजना आवश्यक रहेको उल्लेख गरे । सांसद चन्दनकुमार सिंह र गणेश पौडेलले पनि प्रयोगशालाका लागि पर्याप्त बजेट र स्रोतसाधनको व्यवस्थापन आवश्यक रहेकामा जोड दिए । रासस

# स्वास्थ्यमन्त्री मेहतासँग जर्मनी राजदूतको भेटवार्ता

**काठमाडौं ।**
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासँग जर्मनीको सङ्घीय आर्थिक सहयोग मन्त्रालयको दक्षिण एसिया विभाग तथा विकासका प्रमुख बारबरा शेफरसहित नेपालका लागि जर्मनीका राजदूत उडो भोल्जले सोमबार शिष्टाचार भेटघाट गरेका छन् ।

सो अवसरमा दुई देशबीचको सम्बन्धका विषयमा छलफल भएको मन्त्रालयमा सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए । उनका अनुसार जर्मन सरकारले नेपालको स्वास्थ्य क्षेत्रमा गरिरहेको पूर्वाधार निर्माणका साथै विभिन्न परियोजनामार्फत भएको सहयोगका लागि मन्त्री मेहताले प्रशंसा गरे । सो अवसरमा जर्मनी सरकारका तर्फबाट राजदूत भोल्जले हालको परिस्थितिमा सरकारको प्राथमिकताका क्षेत्रमा अझ सहयोग र साथ रहने प्रतिबद्धता व्यक्त गरे । भेटघाटमा जर्मनका तर्फबाट केएफडब्ल्यु जिआइजेड र पिटीआई नेपालमा कार्यरत संस्थाका प्रमुख एवं प्रतिनिधिहरू सहभागी थिए । रासस

# शिक्षामन्त्रीसँग स्विट्जरल्याण्डका राजदूतको शिष्टाचार भेटवार्ता



**काठमाडौं ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि स्विटजरल्याण्डका महामहिम राजदूत ड्यानिएल मेउलीले शिष्टाचार भेटवार्ता गरेकी छन् । सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा उनीहरुबीच आपसी हित, द्विपक्षीय सम्बन्ध, विकास सहायता परिचालन र स्विस सरकारले नेपालको शिक्षा क्षेत्रमा गर्दै आएको सहयोग तथा शिक्षा क्षेत्रमा फराकिलो साझेदारिता अभिवृद्धिलगायत विषयमा छलफल भएको छ ।

स्विटजरल्याण्ड नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षामा लामो समयदेखि सहयोग गर्दै आइएको विकास साझेदार हो । विशेषगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को क्षेत्रमा सहयोग गर्दै आएको छ । नेपालमा स्विस सरकारको सपोट एजेन्सी 'स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड को अपरेसन' (एसडिसी) को सहयोगमा सिटिइभिटीमार्फत तीन परियोजना 'नेसनल भोकेसनल क्वालिफिकेस सिस्टम', इन्ह्यान्सड स्किल फर सस्टेनेवल एन्ड रिवार्डिङ इम्प्लोइमेन्ट' र क्वालिटी टेक्निकल एन्ड भोकेसनल एजुकेसन एन्ड टे«निङ फर युथ' सञ्चालनमा रहेका छन् ।

भेटमा शिक्षामन्त्री पोखरेलले नेपाल र स्विटजरल्याण्डबीच नेपालको विकास तथा शिक्षा क्षेत्रमा स्विटजरल्याण्ड सरकारले गर्दै आएको सहयोगका लागि धन्यवाद दिए । उनले सिटिइभिटीसम्बन्धी ऐनको मस्यौदाको प्रक्रियामा रहेको र प्राविधिक शिक्षालाई समय सान्दर्भिक बनाउन विज्ञ समूहबाट राय परामर्श लिइरहेको यसलाई छिट्टै संसद्मा पेस गर्ने तयारी रहेको जानकारी गराए । मन्त्री पोखरेलले नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा स्विस सरकारले उपलब्ध गराउँदै आएको सहयोगको निरन्तरताको अपेक्षा गरे ।

सरकारको प्राथमिकता र आगामी कार्यक्रमबारे जानकारी गराउँदै सरकारका प्रवक्ता समेत रहेका मन्त्री पोखरेलले स्विटजरल्याण्ड सरकारका तर्फबाट प्रविधि शिक्षामा मात्र नभएर आगामी दिनमा डिजिटाइजेसन, समावेशी शिक्षालगायत क्षेत्रमा पनि स्विस सरकारसँग सहकार्य गर्न सकिने धारणा राखे । मन्त्री पोखरेलले नेपाल सरकारले सातै प्रदेशमा विशेष अटिजम विद्यालय स्थापना गर्ने नीतिअनुरूप काम अघि बढिरहेको तथा डिजिटाइजेसन, समावेशी शिक्षाको क्षेत्रमा सहयोग र सहकार्यको सम्भावना रहेको कुरा व्यक्त गरे । उनले विद्यालय तहदेखि नै रोजगारमुखी शिक्षामा जोड दिनुपर्ने र काठमाडौँ महानगरपालिकामा सञ्चालित 'बुकफ्री फ्राइडे' कार्यक्रम प्रभावकारी रहेको र त्यसलाई पाठ्यक्रममै राखेर देशभर विस्तार गर्ने योजना रहेको जानकारी गराउँदै, प्राविधिक शिक्षालाई प्राथमिकता दिएर अगाडि बढ्नेगरी सरकार लागिपरेको उल्लेख गरे ।

उक्त भेटमा राजदूत मेउलीले नेपालको शिक्षा क्षेत्रमा स्विटजरल्याण्ड सरकारले गर्दै आएको सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरीन् । उनले नेपाल सरकारले लिएको अवधारणालाई जहिले पनि सहयोग तथा सहकार्य गर्न स्विस सरकार तयार रहेको बताइन् । राजदूत मेउलीले हाल शिक्षा क्षेत्रमा सञ्चालनमा रहेका ३ वटा परियोजनालाई एउटै बनाएर थप प्रभावकारी बनाउने गरी अघि बढ्ने शिक्षामन्त्रीसमक्ष जानकारी गराइन् । रासस

### राष्ट्रियसभा बैठकः

# चिया निर्यातसम्बन्धी समस्या कूटनीतिक पहलबाट समाधान गर्नुपर्ने सुझाव

**काठमाडौँ ।**
राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरूले पूर्वी नेपालमा उत्पादन भइरहेको चिया भारततर्फ निर्यात गर्ने विषयमा देखिएको समस्या कूटनीतिक पहलबाट समाधान गर्न सुझाव दिएका छन् । बैठकको शून्य समयमा सांसदहरूले वन कर्मचारीमाथि भएको आक्रमण, सीमा सुरक्षा, कर प्रणाली, महिला सुरक्षा, चिया निर्यातलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् ।



बैठकमा सांसद गीता देवकोटाले कैलालीको गोदावरी नगरपालिका–४ मा डिभिजन वन कार्यालयका कर्मचारीलाई भीरबाट धकेलिएको घटनाप्रति गम्भीर आपत्ति जनाउँदै निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरिन् । सांसद रामकुमारी झाँक्रीले पनि उक्त घटनाको विरोध गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरिन् । सांसद जगत तिमल्सेनाले करका दरमा गरिएको हेरफेरप्रति प्रश्न उठाउँदै त्यसबारे उचित छानबिन हुनुपर्ने धारणा राखे । सांसद धर्मेन्द्र पासवानले नेपाल सरकारलाई जानकारी नदिई भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरेको र स्थानीयवासीको अवरोधपछि फर्किएको विषय उल्लेख गर्दै सीमा सुरक्षाका विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

सांसद मीना सिंह रखालले दैलेखमा गरिएको अन्वेषणबाट ठूलो परिमाणमा मिथेन ग्यास रहेको देखिए पनि त्यसको अध्ययन, उत्खनन र उपयोगका लागि सरकारी लगानी पर्याप्त नभएको बताइन् ।

सांसद रेखाकुमारी झाले भने आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटले आमजनतालाई उत्साहित बनाउन नसकेको टिप्पणी गरिन् । सांसद रोशनी मेचेले झापाको मेचीनगर क्षेत्रमा भारतबाट आएका जङ्गली हात्तीको आक्रमणका कारण स्थानीयवासी प्रभावित भएका उल्लेख गर्दै मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा प्रभावकारी पहल गर्न सरकारसँग माग गरिन् ।

सांसद वासुदेव घिमिरेले दाङस्थित राप्ती विज्ञान प्रतिष्ठानमा मिर्गौला रोग विशेषज्ञको व्यवस्था गर्न आवश्यक रहेको बताए । सांसद सम्झना देवकोटाले गोरखाको ईश्वरी भुजेल हत्याकाण्डको प्रसङ्ग उल्लेख गर्दै महिला हिंसा नियन्त्रण र महिला सुरक्षाको प्रत्याभूति गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सोमनाथ पौडेलले पूर्वी नेपालबाट भारत निर्यात हुँदै आएको चियामा भारतीय पक्षबाट अवरोध सिर्जना हुँदा चिया उद्योग सङ्कटमा परेको बताउँदै समस्या समाधानका लागि कूटनीतिक तथा प्रशासनिक पहल गर्न सरकारसँग आग्रह गरे । रासस

# निजी लगानीमा क्रिकेट पूर्वाधार फस्टाउँदै, सरकारी रङ्गशाला अझै अधुरो



**भैरहवा ।**
रुपन्देहीमा क्रिकेट खेलको लोकप्रियता र पूर्वाधार विस्तार तीव्रगतिमा अघि बढिरहेका बेला निजी क्षेत्रको सक्रियताले नयाँ आयाम थपेको छ । निजी लगानीमा अन्तरराष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण सम्पन्न हुने चरणमा पुग्दा सरकारी स्वामित्वको सिद्धार्थ क्रिकेट रङ्गशाला भने बजेट अभाव र सुस्त कार्यान्वयनका कारण अझै पूर्ण हुनसकेको छैन ।
तिलोत्तमा नगरपालिका–१७ पूर्वदरखसवामा अष्ट्रेलियामा व्यवसाय गर्दै आएका विनोद कुँवरको लगानीमा करिब ६० करोड रुपैयाँ लागतमा एक्स्ट्राटेक ओभल क्रिकेट मैदान निर्माण गरिएको हो । छ विघा क्षेत्रफलमा फैलिएको उक्त रङ्गशालामा खेलाडी ड्रेसिङ रुम, मिडिया बक्स, भिआइपी बक्सलगायतका संरचना निर्माण भइरहेका छन् ।
नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान तथा रङ्गशालाका ब्राण्ड एम्बेसडर शक्ति गौचनका अनुसार मैदान राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न तयार भइसकेको छ भने अन्य पूर्वाधार विस्तारको काम जारी छ । हाल दुईदेखि तीन हजार दर्शक अट्ने क्षमता रहेको रङ्गशालालाई आगामी दिनमा १५ देखि २० हजार दर्शक क्षमतामा विस्तार गर्ने योजना रहेको छ ।
रङ्गशालासँगै आवासीय सुविधासहितको क्रिकेट एकेडेमी सञ्चालन गरी दक्ष खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसले खेलकुदसँगै पर्यटन तथा स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।
लगानीकर्ता पक्षले मैदानसम्म पुग्ने सडक, विद्युत् र अन्य आधारभूत पूर्वाधार निर्माणमा सरकारको सहयोग आवश्यक रहेको बताएका छन् । उनीहरूले रङ्गशाला निर्माणका लागि सरकारी आर्थिक सहयोग नचाहिए पनि पहुँचमार्ग र सार्वजनिक पूर्वाधार विकासमा राज्यको भूमिका आवश्यक रहेको धारणा राखेका छन् ।
यता, भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालालाई अन्तरराष्ट्रियस्तरमा स्तरोन्नति गर्ने योजना भने लामो समयदेखि अलपत्र छ । विसं २०६८ मा सुरु गरिएको उक्त परियोजनाको हालसम्म करिब १६ प्रतिशतमात्रै काम सम्पन्न भएको जनाइएको छ ।
रुपन्देही क्रिकेट सङ्घका अध्यक्ष हरिबहादुर थापाका अनुसार पर्याप्त बजेट विनियोजन नहुनु र बहुवर्षीय योजनाअन्तर्गत कार्यान्वयन नगरिनु परियोजना सुस्त हुनुका मुख्य कारण हुन् । हालसम्म करिब १२ करोड रुपैयाँ खर्च भए पनि रङ्गशालाका अधिकांश संरचना निर्माण हुन बाँकी छन् ।
डिपिआरअनुसार प्रारम्भिक लागत ३८ करोड रुपैयाँ अनुमान गरिएको भए पनि समयसँगै निर्माण लागत बढेकाले अहिले रङ्गशाला सम्पन्न गर्न ७० करोड रुपैयाँ भन्दा बढी आवश्यक पर्ने अनुमान गरिएको छ ।
खेलकुद क्षेत्रका सरोकारवालाले क्रिकेटप्रति बढ्दो आकर्षणलाई ध्यानमा राख्दै सरकारी रङ्गशाला निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । उनीहरूका अनुसार निजी क्षेत्रले देखाएको उत्साह र लगानीले रुपन्देहीलाई क्रिकेटको केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुर्‍याएको छ भने सरकारी परियोजनाले पनि सोही गतिमा अघि बढ्न आवश्यक छ । रासस

# केरा, खर्बुजा र काक्राको बीउ बिक्रीबाट १२ लाख आम्दानी



**पर्वत ।**
फलेवासका छविलाल पौडेलले केरा, खर्बुजा र काक्राको बीउ बिक्रीबाट वार्षिक रु १२ लाख आम्दानी गरेका छन् ।
कालीगण्डकी नदी किनारमा रहेको उनको घर वरपरिको झण्डै ७० रोपनी जग्गामा रु ४० लाख लगानीबाट सो आम्दानी गरेका हुन् । दक्षिण कोरियाको जागिरे जीवन त्यागेर गाउँमै फर्किएपछि व्यावसायिक रुपमा फलफूलखेती गर्न थालेकाले उनी अहिले गाउँको उदाहरणीय किसान बनेका छन् ।
पौडेलको केरा बगैँचामा घरपरिवार र थप दुईजना स्थानीयले रोजगारी पाएका छन् ।
सरकारले भारतबाट केरा आयातमा रोक लगाएपछि बजार मूल्य सन्तोषजनक रुपमा प्राप्त गरेकोमा पौडेल खुसी छन् । उनले केरा स्थानीय फलेवास, कुश्मा, पोखरा र काठमाडौँसम्म बिक्रीका लागि लैजाने गरेका छन् । पौडेलले यस वर्ष करिब ६० क्विन्टल खर्बुजा बिक्री गरे । यसैगरी, उनले भक्तपुरे लोकल काक्रोको ३० केजी बीउ बिक्री गरेका छन् । आठ रोपनी क्षेत्रफलमा काक्रोखेती गरेका छन् । उनले प्रतिकिलो काक्रोका बीउ रु दश हजारमा बिक्री गरेका हुन् ।
कृषि औजार तथा मल बीउ खरिदका लागि स्थानीय फलेवास नगरपालिकाले पौडेललाई सहयोग पुर्‍याएको छ ।
त्यसैगरी कृषि विकास कार्यालय पर्वतले राजमार्ग÷करिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत चालु आवमा केराखेती विस्तारका लागि रु एक लाख ५५ हजार आर्थिक सहयोग गरेको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए । रासस

# जी–७ मा इरान सम्झौताको छाया




**फ्रान्स ।**
फ्रान्समा सोमबारदेखि सुरु भएको जी–७ शिखर सम्मेलनमा विश्व अर्थतन्त्र, कृत्रिम बौद्धिकता (एआई) र युक्रेन युद्धका मुद्दाभन्दा पनि अमेरिका–इरान शान्ति सम्झौता मुख्य एजेन्डाका रुपमा उभिएको छ । हर्मुज जलघाँटी पुनः खोल्ने र मध्यपूर्वमा युद्ध अन्त्य गर्ने प्रयाससँगै विश्वका प्रमुख शक्तिका नेताहरुको ध्यान अब सम्झौताको कार्यान्वयन र त्यसका दीर्घकालीन प्रभावतर्फ केन्द्रित भएको छ ।
फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनको आतिथ्यमा जेनेभा ताल किनारको इभियन–लेस–बेन्समा आयोजित तीनदिने शिखर सम्मेलनमा अमेरिका, क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायतका नेताहरु सहभागी भइरहेका छन् । फ्रान्सले यसपटक जी–७ को परम्परागत दायराभन्दा बाहिर पुगेर अन्य प्रभावशाली मुलुकहरुलाई पनि सहभागी गराएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की मङ्गलबार सम्मेलनमा सहभागी हुने कार्यक्रम छ भने इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल–सिसीसहित अरब राष्ट्रका नेताहरु पनि इरानसम्बन्धी छलफलका लागि उपस्थित रहनेछन् । ब्राजिल, भारत, केन्या र दक्षिण कोरियाका नेताहरुले पनि सम्मेलनमा सहभागिता जनाइरहेका छन् ।
अमेरिका–इरानबीच युद्ध अन्त्य गर्ने प्रारम्भिक सम्झौता सम्मेलन सुरु हुनुअघि नै घोषणा भएपछि शिखर बैठकको दिशा नै बदलिएको छ । राष्ट्रपति म्याक्रोनले जी–७ नेताहरुले हर्मुज जलघाँटीको दीर्घकालीन पुनः सञ्चालन, लेबनानको स्थायित्व र इरानको आणविक तथा ब्यालिस्टिक कार्यक्रमसम्बन्धी विषयमा गम्भीर छलफल गर्ने बताएका छन् । उनका अनुसार यस क्षेत्रका ऊर्जा मार्गहरुलाई विविधीकरण गरेर कुनै एक क्षेत्रमा अत्यधिक निर्भरता घटाउने उपायहरुबारे पनि छलफल हुनेछ । मध्यपूर्वको तनावले विश्व ऊर्जा बजारमा पारेको प्रभावलाई ध्यानमा राख्दै जी–७ राष्ट्रहरु स्थायी समाधानको खोजीमा केन्द्रित देखिएका छन् ।
राजनीतिक एजेन्डासँगै डिजिटल सुरक्षा र कृत्रिम बौद्धिकता (एआई) को नियमन पनि सम्मेलनको प्रमुख विषय बनेको छ । ओपनएआईका प्रमुख स्याम अल्टम्यान, एन्थ्रोपिकका डारियो अमोडेई तथा युरोपेली कम्पनी मिस्ट्रल एआईका आर्थर मेन्श बुधबार हुने विशेष कार्यक्रममा सहभागी हुनुहुनेछ । विशेषगरी डिजिटल क्षेत्रमा बालबालिकाको सुरक्षाबारे छलफल गरिने जनाइएको छ । सम्मेलनलाई लक्षित गर्दै फ्रान्सले अभूतपूर्व सुरक्षा व्यवस्था लागू गरेको छ । हजारौं प्रहरी र सैनिक परिचालन गरिएको छ भने सुरक्षा घेरा छिमेकी स्विट्जरल्यान्डसम्म विस्तार गरिएको छ ।
सम्मेलनको विरोधमा जेनेभामा प्रदर्शन हुँदा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको थियो । प्रदर्शनकारीहरुले ढुङ्गा, बोतल र पटाका प्रहार गरेपछि प्रहरीले अश्रुग्यास र पानीको फोहरा प्रयोग गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफ्नो ८०औँ जन्मदिन मनाएलगत्तै सम्मेलनमा सहभागी हुन फ्रान्स पुगेका छन् । ह्वाइट हाउसमा आयोजित जन्मोत्सवमा मिश्रित मार्सल आर्ट प्रतियोगिता समेत समावेश गरिएकाले सम्मेलनको समय तालिका नै समायोजन गर्नुपरेको बताइएको छ । जेनेभा तालको शान्त वातावरणमा आयोजित सम्मेलनमा अन्य पश्चिमी नेताहरुले ट्रम्पसँग साझा धारणा निर्माण गर्ने प्रयास गर्ने अपेक्षा गरिएको छ । विशेषगरी हर्मुज जलघाँटी पुनः सञ्चालन र ऊर्जा मूल्य स्थिरतामा सबै पक्षको चासो देखिएको छ ।
युरोपेली नेताहरु र क्यानाडाले युक्रेन युद्धको विषयमा पनि अमेरिकी समर्थन कायम राख्न ट्रम्पलाई आग्रह गर्ने तयारी गरेका छन् । राष्ट्रपति जेलेन्स्कीले ट्रम्पसँग शान्ति प्रवर्द्धन र जनजीवन जोगाउने उपायबारे छलफल गर्ने अपेक्षा व्यक्त गरेका छन् । ट्रम्पको भ्रमण सोमबार राष्ट्रपति म्याक्रोनसँग द्विपक्षीय वार्ताबाट सुरु हुनेछ । त्यसपछि सहभागी राष्ट्र प्रमुखहरुसँग संयुक्त कार्यभोज आयोजना गरिनेछ । सम्मेलन समाप्त भएपछि पनि ट्रम्पले आफ्नो फ्रान्स बसाइ लम्ब्याएर भर्साइल्स दरबारमा म्याक्रोनसँग विशेष भेटघाट गर्ने कार्यक्रम रहेको छ । राष्ट्रपति म्याक्रोनका लागि यो सम्मेलन आफ्नो कार्यकाल समाप्त हुनुअघि युरोपेली रणनीतिक स्वायत्तताको अवधारणालाई थप बलियो बनाउने महत्त्वपूर्ण अवसर मानिएको छ । उता बेलायती प्रधानमन्त्री किर स्टार्मर भने घरेलु राजनीतिक दबाबबीच सम्मेलनमा सहभागी भएका छन् । सम्मेलनमा चीन सहभागी नभएपनि उसका आर्थिक प्रभाव, विशेषगरी दुर्लभ पृथ्वी खनिज र उच्च प्रविधि क्षेत्रमा बढ्दो प्रभावबारे नेताहरुले विस्तृत छलफल गर्ने अपेक्षा गरिएको छ । त्यसैले इभियनमा सुरु भएको जी–७ सम्मेलन केवल आर्थिक मञ्च नभई बदलिँदो विश्व शक्ति सन्तुलन र मध्यपूर्वको भविष्य निर्धारण गर्ने कूटनीतिक केन्द्रका रुपमा उभिएको छ । रासस

# विश्वकप फुटबलः ट्युनिसियामाथि स्वीडेनको जित



**काठमाडौं ।**
फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत समूह 'एफ'को खेलमा स्वीडेनले ट्युनिसियामाथि जित निकालेको छ । मेक्सिकोको मोन्टेरे रङ्गशालामा सोमबार भएको खेलमा स्वीडेनले ट्युनिसियामाथि ५–१ गोलको जित निकालेको हो । स्वीडेनका लागि यासिन अयारीले दुई गोल गर्दा अलेक्ज्यान्डर इसाक, भिक्टोर ग्योकेरेस र माथिएस स्भानवर्गले समान एक÷एक गोल गरे । ट्युनिसियाका लागि ओमार रेकिकले एक गोल फर्काए ।
खेल सुरुआती सातौँ मिनेटमा यासिन अयारीले गोल गर्दै स्वीडेनलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ३०औँ मिनेटमा अलेज्यान्डरले गोल गर्दै स्वीडेनको अग्रता दोब्बर पारे । खेलको पहिलो हाफको ४३ औँ मिनेटमा ट्युनिसियाका ओमारले एक गोल फर्काए ।
यसैगरी खेलको ५९औँ मिनेटमा भिक्टोरले स्वीडेनका लागि तेस्रो गोल गरे । खेलको ८६औँ मिनेटमा स्वीडेनका लागि माथिइस स्भानवर्गले एक गोल थपे । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा यासिनले व्यक्तिगत दोस्रो तथा टोलीको लागि पाँचौँ गोल गरेपछि स्वीडेनले ट्युनिसियामाथि ५–१ गोलको जित निकाल्यो ।
जितपछि स्वीडेनले शीर्ष तीन अङ्क जोडेको छ । समूहको पहिलो खेलमा नेदरल्यान्ड्स र जापानले २–२ को बराबरी खेल्दै समान एक/एक अङ्क बाँडेका थिए । रासस

# रुसी आक्रमणमा खार्किभमा पाँच उद्धारकर्मीको मृत्यु, किएभको ऐतिहासिक धार्मिक स्थलमा आगलागी



**किएभ ।**
युक्रेनमाथि रुसले सोमबार गरेको व्यापक हवाई आक्रमणमा पूर्वी सहर खार्किभमा पाँच उद्धारकर्मीको मृत्यु भएको छ भने राजधानी किएभमा कम्तीमा २० जना घाइते भएका छन् । आक्रमणका कारण आवासीय भवनहरुमा आगलागी हुनुका साथै देशको महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदामध्ये एकमा पनि क्षति पुगेको छ ।
युक्रेनका गृहमन्त्री इहोर क्लाइमेन्कोका अनुसार खार्किभमा पहिलो आक्रमणबाट लागेको आगो निभाउने क्रममा पुगेका उद्धारकर्मीहरु दोस्रो रुसी आक्रमणको निशानामा परेका थिए । घटनामा कम्तीमा पाँच अन्य आपतकालीन सेवाकर्मी घाइते भएका छन् । राजधानी किएभमा रातभर शक्तिशाली विस्फोटहरुको आवाज सुनिएको थियो । ब्यालिस्टिक क्षेप्यास्त्र र शाहेद ड्रोनमार्फत गरिएको आक्रमणका कारण धेरै बासिन्दाले भूमिगत आश्रयस्थलमा शरण लिएका थिए । अधिकारीहरुले सर्वसाधारणलाई सुरक्षित स्थानमा बस्न आग्रह गरेका थिए ।
'किएभ मुख्य निशानामा परेको छ । नागरिक पूर्वाधारमा ठूलो क्षति पुगेको छ', गृहमन्त्री क्लाइमेन्कोले भने । किएभ सहर सैन्य प्रशासनका प्रमुख टिमुर तकाचेन्कोका अनुसार एक बालकसहित कम्तीमा २० जनाले उपचारका लागि स्वास्थ्य सेवा लिएका छन् । उनले शेभचेन्किभ्स्की जिल्लामा ३० मिनेटभन्दा कम समयमा पाँचवटा आक्रमण भएको जानकारी दिए । प्रभावित संरचनामध्ये २५ तले आवासीय भवन, एक बजार र एक किराना पसल रहेका छन् । ओबोलोन्स्की जिल्लामा भने नौ तले आवासीय भवनमा प्रत्यक्ष प्रहार भएको बताइएको छ ।
तकाचेन्कोले रुसले जानाजानी आवासीय भवनहरुलाई निशाना बनाएको आरोप लगाए । 'यो उनीहरुको सचेत निर्णय हो', उनले भने । आक्रमणबाट किएभ–पेचेर्स्क लाभ्रा मठ परिसरमा पनि ठूलो क्षति पुगेको छ । उक्त परिसरमा आगलागी भएको तकाचेन्कोले जानकारी दिँदै रुसले 'विश्वकै प्रमुख क्रिश्चियन तीर्थस्थलमध्ये एकको केन्द्रमा प्रहार गरेको' आरोप लगाए । युक्रेनको अर्थोडक्स चर्चका प्रमुख मेट्रोपोलिटन एपिफेनियसका अनुसार रातभरको आक्रमणको क्रममा डोर्मिशन क्याथेड्रलको छानामा आगलागी भएको थियो । उनले यस घटनालाई 'मानवता, इतिहास र ईसाई धर्मविरुद्धको अर्को रुसी अपराध' भन्दै निन्दा गरे ।
'गुफाहरुको मठ' पनि भनिने किएभ–पेचेर्स्क लाभ्रा ११औँ देखि १९औँ शताब्दीसम्म निर्माण गरिएका मठ, चर्च र भूमिगत गुफाहरुको विशाल धार्मिक परिसर हो । यो युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत स्थल हो । डनिप्रो नदीको दायाँ किनारमा अवस्थित यो ऐतिहासिक धार्मिक स्थल शताब्दीयौं देखि तीर्थयात्रीहरुको प्रमुख गन्तव्यका रुपमा परिचित छ । रासस

# मौरीपालक किसानलाई परागकण बितरण

**चितवन ।**
चितवनको कालिका नगरपालिकाले मौरीपालक किसानलाई मौरीको आहारा परागकण (पोलन) बितरण गरेको छ । कालिका ६ मा रहेका २७ जना मौरीपालक किसानलाई मौरीको पोलन बितरण गरिएको हो । वर्षातको समयमा मौरीले पोलन बनाउन नसक्ने भएकाले किसानलाई पोलन बितरण गरिएको हो ।
नेपाल मौरीपालक महासंघका पूर्व अध्यक्ष शिव शर्माका अनुसार परागकणले मौरीको घार बलियो बनाउन सहयोग गर्ने छ भने यसलाई मौरीको बच्चाको मुख्य आहाराको रुपमा लिइन्छ । उनका अनुसार परागकण प्रयाप्त भएको समयमा रानीले अण्डा धेरै पार्ने र वर्षात पछि उत्पादन वृद्धि हुने गर्दछ । पालिकाका उपप्रमुख बिमला तामाङले नगरबासी मौरी उत्पादक किसानलाई परागकण बितरण गरेकी हुन् । परागकण बितरण गर्दै उनले कालिका नगरपालिकाले बिगत देखिनै किसानको हितमा काम गर्दै आएको बताइन् ।
मुख्यगरी जीविको पार्जनसँग सम्बन्धित कामहरुलाई निरन्तरता दिँदै आएको उनको भनाई छ । कालिका –६ का अध्यक्ष टिकाराम रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मौरीको घारका आधारमा परागकण बितरण गरिएको हो । एक जना किसानले मौरीको घारका आधारमा बढीमा २५ किलो सम्म परागकण पाएको उनले बताए । जिल्लामा हाल ६ सय किसानले १९ हजार घार मौरी पाल्दै आएका छन् । ती मध्ये कालिका नगरपालिकामा १०० जना मौरीपालक किसान रहेको पूर्व अध्यक्ष शर्माले जानकारी दिए । अहिले जिल्लामा प्रतिघार २६ किलो मह वार्षिक रुपमा उत्पादन हुँदै आएको छ । रासस

# मङ्गलाको तटीय क्षेत्रमा कटान र बाढीको जोखिम

म्याग्दी ।

म्याग्दी नदीले तटीय क्षेत्रमा गर्ने कटान, स्थानीय खोल्साहरूमा आउने बाढी र पहिरोले मङ्गला गाउँपालिकामा विपद्को जोखिम बढाएको छ । विगतका ठूला विपद्का घटना, नदी कटानबाट खेतीयोग्य जमिनमा पुगेको क्षति र बस्तीमा बढ्दो जोखिमका कारण गाउँपालिकाले संरक्षण तथा जोखिम न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।



गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाका अनुसार तटीय क्षेत्रमा म्याग्दी नदीको कटान र माथिल्लो क्षेत्रमा पहिरोको जोखिम रहेको छ । 'बर्खायाममा नदी कटान र खोल्सामा आउने बाढी तथा सुक्खा मौसममा डढेलो र आगलागीको जोखिम रहेको छ,' उनले भने, 'जोखिमयुक्त क्षेत्र पहिचान गरी नदी नियन्त्रण, पहिरो रोकथाम, वृक्षरोपण, राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरेका छौँ ।'

विसं २०५८ मा अर्मनमा गएको पहिरोमा कम्तीमा १६ जनाको मृत्यु भएको थियो भने धेरै घर, विद्यालय र खानेपानी संरचना क्षतिग्रस्त भएका थिए । त्यसभन्दा अघि २०४५ सालमा निस्कोटको भिर भत्किँदा म्याग्दी खोला थुनिएर आएको बाढीले व्यापक जनधनको क्षति पुर्‍याएको थियो । हाल छिसवाङ, कुरसिम्ला, पिपलबोट, सेराफाँट, हाडेभिर, बाबियाचौर, काँशेबगर, सिमलचौर, बान्द्रेलगायतका क्षेत्रलाई नदी कटानको जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ । स्थानीयवासीका अनुसार नदीको बहाव परिवर्तन र गहिरिँदै गएको कटानले खेतीयोग्य जमिन बगरमा परिणत हुँदै गएको छ ।

पानाबगरका स्थानीय जितबहादुर किसानले म्याग्दी नदीले आफ्नो चार रोपनीभन्दा बढी खेतीयोग्य जमिन कटान गरी बगर बनाएको बताए । 'नदीले खेतमात्र होइन, बस्तीलाई नै जोखिममा पारेको छ,' उनले भने, 'जोखिम धेरै भए पनि संरक्षणका योजना पर्याप्त छैनन् ।'

म्याग्दी नदीको करिब १० किलोमिटर तटीय क्षेत्रमा स्थायी संरक्षण संरचना निर्माण गर्नमात्रै करिब दुई अर्ब रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । सङ्घीय सरकारको विशेष अनुदानमा चालु आर्थिक वर्षदेखि बाबियाचौर–काँशेबगर बस्ती संरक्षण योजना कार्यान्वयनमा ल्याइएको छ ।

करिब ४२ लाख रुपैयाँ लागतमा म्याग्दी नदी किनारमा पक्की र ग्याबियन पर्खाल निर्माणको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख रुचेन्द्र अधिकारीले बताए । यस योजनाले २५० भन्दा बढी घरपरिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।


त्यसैगरी, हाडेभिर क्षेत्रमा निर्माण गरिएको नदी नियन्त्रण संरचनाले बस्ती, स्वास्थ्यचौकी, निर्माणाधीन अस्पताल भवन तथा सडकलाई कटानबाट जोगाउन प्रभावकारी भूमिका खेलेको छ । प्रदेश सरकारको सहयोगमा सिम र ताराखेत क्षेत्रमा पनि नदी नियन्त्रण योजना सम्पन्न भएका छन् । यद्यपि सङ्घीय सरकारले हिलवाङखोला, छिसवाङ र रातोढुङ्गामा नदी नियन्त्रणका लागि विनियोजन गरेको एक करोड ५० लाख रुपैयाँ बजेट भने विवादका कारण कार्यान्वयन हुन नसकी फिर्ता भएको मङ्गला गाउँपालिका–५ छिसवाङका पृजेन भट्टचनले बताए ।

विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले पाँचै वडामा हेलिप्याड निर्माण, राहत कोष व्यवस्थापन, सडक मर्मत तथा हरित सडक अभियान सञ्चालन गरेको छ । तर मनसुनजन्य विपद्बाट घरबार गुमाएका नागरिकको निजी आवास पुनःनिर्माणमा भने समस्या देखिएको गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी अधिकारीले बताए । उनका अनुसार राष्ट्रिय विपद् प्राधिकरणको प्रणालीमा लाभग्राहीको विवरण अद्यावधिक हुन नसक्दा पछिल्ला तीन वर्षयता १९ जना पीडित अनुदान सम्झौताबाट वञ्चित भएका छन् । रासस

# अलोका कुकुरसहितको 'शान्ति पदयात्रा' टोली लुम्बिनीमा

**लुम्बिनी ।**

विश्व शान्ति, करुणा र मैत्रीको सार्वभौमिक सन्देश बोकेर विश्वभर 'वाक फर पिस' अभियान सञ्चालन गर्दै पैदलयात्रामा रहनुभएका भियतनामी भिक्षु पन्याकरको नेतृत्व टोली आइतबार बुद्ध जन्मस्थल लुम्बिनी आइपुगेका छ । उक्त अभियानसँग जोडिएको 'आलोका' कुकुरसहितको टोली बुद्धको जन्मस्थल लुम्बिनी आएको हो । पैदलयात्राका अगुवा भिक्षु पन्याकरको नेतृत्वमा १८ जना भिक्षु र उपासक उपासिकाको टोली बुद्ध जन्मस्थल लुम्बिनी आएको हो । शान्ति पदयात्रा टोलीले कुकुरसहित लुम्बिनीस्थित अखण्ड शान्ति दीप क्षेत्रबाट आइतबार बेलुका मायादेवी मन्दिरसम्म शान्ति पदयात्रा गरेको थियो । मायादेवी मन्दिर पुगेर पूजा र प्रार्थना गरेका थिए । यस ऐतिहासिक एवं प्रेरणादायी अवसरमा भन्तेहरूलाई लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजन तथा लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानीन राईले स्वागत गरे ।



भिक्षु टोलीले शान्तिको पैरवी गर्दै यात्रा गरेका छन् । पदयात्राका दौरान भिक्षुहरूले सर्वसाधारणलाई बुद्ध दर्शन र शान्ति शिक्षा सिकाउँदै हिँडेका छन् । ठाउँठाउँमा ध्यान सिकाउँथे । करुणा, दयामाया, सद्भाव र सदाचार सिकाउँदै उनीहरूको पदयात्रा अघि बढेको थियो ।

मायादेवी मन्दिरको अवलोकन तथा प्रार्थनापश्चात् आयोजित स्वागत कार्यक्रममा भिक्षु पन्याकरले बुद्धले यो संसारको जन्म र मरणको अनन्त चक्रबाट उम्कने बुद्धका सन्देशलाई अपनाएर उनले देखाउनुभएको निर्वाण र परम आनन्द प्राप्त गर्न भगवान् बुद्धले देखाउनु बाटोलाई आत्मसात् गर्नुपर्ने बताए ।

उनले हरेक प्राणीले मुक्ति प्राप्त गर्न र निर्वाणको परम आनन्द प्राप्त गर्न कस्तो हुनुपर्ने हो भन्ने एउटा ठूलो प्रश्नको विषय बनेको बताउँदै संसारमा सबै कुरा पाउन हरेक व्यक्तिमा बलियो सङ्कल्प आवश्यक रहेको बताए । उनले त्यही बलियो सङ्कल्पका साथ अभियान थालेको बताए ।

भिक्षु पन्याकरले आफूहरूको एउटा सानो यात्राको आज विश्वभर सम्मान पाएको र यसले विश्व शान्ति सन्देश दिन ठूलो सफलता मिलेको बताए । उनले आफूहरूको एकमात्र उद्देश्य विश्वमात्र रहेको बताउँदै शान्ति व्यक्तिबाट सुरु हुने भएकाले सबै शान्तिका लागि लाग्नुपर्नेमा जोड दिए ।

उनले आफ्नो यात्राको सदस्यका रूपमा रहेको आलोका कुकुरको बारेमा भने, 'हामी आलोकको कुरा गर्दैछौँ, यो शान्त कुकुर जुन यहाँ छ । आलोक एउटा यस्तो कुकुर हो जो हामीसँग लामो समयदेखि हिँडिरहेको छ । ऊ हिँड्यो र अहिले शान्तिको दूत (एम्बेसेडर) बन्यो । तर कसरी, ऊ किन कुकुर बन्यो त ? यो शील (नैतिकता)को कारणले हो, शील पालना नगरेको कारणले हो ।'सन् २०२२ मा भिक्षु पन्याकार भारतमा पदयात्रामा छँदा उक्त कुकुरले पछ्याएको थियो । सन् २०२५ को अन्त्यमा भिक्षु पन्याकारसहितको टोलीले अमेरिकाको टेक्सासबाट यात्रा सुरु गर्ने निर्णय गरेपछि कुकुरलाई भारतको कोलकाताबाट अमेरिका लगिएको थियो । अमेरिका लगेर कुकुरको नाम अलोका राखिएको हो । त्यस अवसरमा लुमिबनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक प्रमुख हरिजनले लुम्बिनी जहाँबाट मानवता, करुणा, सहअस्तित्व र विश्व बन्धुत्वको सन्देश संसारभर प्रवाहित भएको छ, त्यही पवित्र भूमिमा सम्पन्न यस 'शान्ति पदयात्रा' कार्यक्रमले शान्ति, सद्भाव र वैश्विक एकताको भावनालाई थप ऊर्जावान बनाएको बताए ।

कार्यक्रममा लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक राईले अलोका कुकुरसहित भिक्षु पन्याकारको आगमनले पिस वाकले सार्थकता पाएको बताए । उनले यसले लुम्बिनीको शान्ति पर्यटनमा पनि टेवा दिने विश्वास व्यक्त गरे । पदयात्राको टोली सोमबार (आज) बिहान हवाई उडानबाट काठमाडौँ पुगेर बौद्धनाथ, स्वयम्भू, चारुमती र आनन्दकुटी विहार अवलोकन गरी साँझ ५:०० बजे राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्ने कार्यक्रम छ । विश्व शान्तिका लागि अहोरात्र हिँडेका व्यक्तिहरूलाई शान्तिकै उद्गमस्थल लुम्बिनी आउने वातावरण बनाउनुभएको भिक्षु महासङ्घका पूर्वअध्यक्ष भिक्षु मैत्री महास्थवीरले नेपाल भ्रमणको चाहनाबारे सोध्दा राष्ट्रपति÷प्रधानमन्त्रीसँग भेटघाट हुने भए आउने जानकारी पाएपछि आफू सक्रिय भएर व्यवस्थापनमा लागेको बताए । उनले धर्म, राजनीति र विचारधाराले विभाजित देखिने अमेरिकामा गरिएको त्यो पदयात्राले त्यहाँ शान्ति, करुणा मैत्रीभावप्रतिको गजबको आकर्षण देखिएको बताए । रासस

# नेपालगन्जमा ऐतिहासिक तलाउ मासिँदै

**बाँके ।**

अत्यधिक गर्मी हुने सहर नेपालगन्जमा भूमिगत पानीको स्रोत जोगाउन तालतलैयाको संरक्षण गर्नुपर्ने बेला यहाँका पुराना ऐतिहासिक तलाउहरू मासिने क्रम बढेको छ ।

नेपालगन्ज उपमहानगरपालिका–८ रङ्गशाला नजिकै रहेको ऐतिहासिक धोबीताल संरक्षणको अभावमा यतिबेला सङ्कटमा परेको छ । कुनै समय नेपालगन्जका धोबी समुदायले कपडा धुने र स्थानीयले सिङ्गडाखेती गर्ने यो ताल पछिल्लो समय संरक्षण नहुँदा पुरिँदै गएको छ । करिब छ कट्ठा क्षेत्रफलमा फैलिएको यो तालमा पछिल्लो समय माटो पटान गर्ने र वडाभित्रको फोहर जम्मा गरेर थुपार्ने काम भइरहेको छ । तालमा फोहर थुपारिएपछि निस्किएको दुर्गन्धका कारण आसपासका बासिन्दाको स्वास्थ्यमा गम्भीर असर परेको स्थानीय उषाकुमारी खड्काले बताए ।

'केही वर्षअघिसम्म तालभरि पानी भरिन्थ्यो, लुगा धुने, सिङ्गडाखेती गर्ने काम हुन्थ्यो,' खड्काले विगतलाई सम्झिँदै भने, 'अहिले तालको बिजोग भएको छ, घरै अगाडि रहेको तालमा फोहर फालेर दुर्गन्धले बस्नै कठिन भइरहेको छ ।'

उपमहानगर र वडा कार्यालयले पटकपटक आग्रह गर्दा पनि फोहर फाल्ने काम नरोकिएको र घरभित्रै बस्न नसक्ने अवस्था आएको उनको गुनासो छ । तलाउलाई माटोले पुरेर अहिले तरकारी व्यापारीले मालवाहक साधन पार्किङस्थल बनाएका छन् ।

नेपालगन्जका अन्य वडामा पनि प्राकृतिक तालहरू मासेर भौतिक संरचना बनाउने कार्य भइरहेको छ । गगनगन्जको भगवान तलाउ मासेर स्वास्थ्यचौकी बनाइएको छ भने हनुमानगढी छेउको तलाउमा १०८ फिटे हनुमानको मूर्ति निर्माण भइरहेको छ ।

नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले प्राकृतिक तालतलैया संरक्षणमा आफूले ध्यान दिँदै आएको बताए । उनले धोबीताल नपुर्ने र त्यहाँ फोहर नफाल्न वडा कार्यालयलाई निर्देशन दिएको बताए ।

उनले स्थानीयको मागलाई कदर गर्दै आगामी आर्थिक वर्षको बजेटमा धोबीताल संरक्षणका लागि रकम व्यवस्था गर्ने आश्वासनसमेत दिनुभएको छ ।

# बर्खा लाग्न थालेपछि वस्तुभाउ लिएर लेक उक्लिए गोठाला



**बागलुङ ।**

काँधमा भारी । साथमा सयौँका सङ्ख्यामा वस्तुभाउ । पसिनाले निथ्रुक भिजेको शरीर । अनुहारमा थकान । ससाना पाठापाठी र पाडापाडी बोकेका गोठला मध्यपहाडी लोकमार्गको निसीखोला र ढोरपाटन सडकको ठाउँठाउँमा भेटिन्छन् । सेताम्य भेडाका बथान र गाईभैँसीको हुलले सडक नै छेकिनेगरी हिँडिरहेका हुन्छन् । यसरी आफ्नै गतिमा हिँडेका गोठाला र वस्तुभाउ लेकका खर्क र बुकीपाटन उक्लिन थालेका हुन् ।

बर्खा सुरु भएसँगै पश्चिम बागलुङका पशुपालक किसान हरेक वर्ष वर्षात्को समयमा खर्क र बुकीपाटन उक्लिने गर्छन् । गत असोजमा बेँसी झरेका गोठाला वस्तुभाउ लिएर बुकीपाटन उक्लिन थालेका हुन् । एउटै परिवारले दर्जनौँ वस्तुभाउ पाल्ने हुँदा बेँसीमा मात्रै घाँस पुर्‍याउन नसक्ने हुँदा उनीहरू हिउँद बर्खा लेक–बेँसी गरेर पशुपालन गर्दै आएका छन् ।

जिल्लाको निसीखोला, ढोरपाटन, तमानखोला, गलकोटलगायत स्थानबाट गोठाला आफ्ना वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् । पश्चिम बागलुङका अधिकांश किसान पशुपालनमा आबद्ध छन् । कतिपय गोठाला जेठ दोस्रो साता नै बुकीपाटन उक्लिसके भने धेरैजसो यतिबेला खर्च बोकेर लेक उक्लिन थालेका छन् । अहिले बुकीपाटन उक्लिने गोठाला अब चार महिनापछि मात्रै गाउँ (बेँसी) झर्छन् ।

बर्खाभरि लेकमा बस्ने गोठलाले असोजसम्म पुग्ने खाद्यान्न र लत्ताकपडा बोकेर जाने गर्छन् । समुद्री सतहदेखि तीन हजारदेखि चार हजार ८०० मिटरको उचाइसम्मको चरन क्षेत्रमा गोठाला पुग्छन् । बुकीपाटनमा वस्तुभाउका लागि पर्याप्त घाँस पाइने हुँदा महिनौँ उतै बिताउने गर्छन् । लेकमा टेलिफोन र विद्युत्को सुविधा नहुँदा उनीहरूको लामो समय परिवारसँग फोन सम्पर्कसमेत हुँदैन । असारदेखि असोजको बीचमा बिरामी परेमा, खर्च सकिएमा र अन्य कुनै आकस्मिक घटना भएमात्रै बेँसी झर्छन् ।

गोठालाहरू निसीखोलाको रिग, पातीहाल्ने, तिलाचन, निसेलढोर, खानीखोला र ढोरपाटनको गर्पाछेडा, फागुने, टीकाधारा, स्यार्चुङलगायत अग्ला पहाडी क्षेत्रमा पुग्छन् । बेँसीका बारीमा खेतीपाती गरिसकेपछि लेक उक्लिन थालेको निसीखोला गाउँपालिका–५ का किरबहादुर घर्ती मगरले बताए । अब दसैँ मनाउनका लागि मात्रै गाउँ झर्ने उनको भनाइ छ ।

घर्ती मगरले भने, 'यतिका सम्पत्ति (वस्तुभाउ) एकै ठाउँमा राखेर पाल्न सकिँदैन, यिनीहरूलाई ठाउँठाउँमा घुमाएर चराउन पर्छ, बेँसीमा गर्मी हुन्छ, लेकमा यतिबेला शीतल छ, घाँस पनि पलाइसकेको हुँदा चरनका लागि सजिलो हुन्छ, एक डेढ महिना एक ठाउँ बस्छौँ, त्यसपछि फेरि अर्को ठाउँमा सर्नुपर्छ ।'

लेकमा बस्दा किसानले पशुपालनमात्रै गर्दैनन् । उनीहरूले काठका भाँडाकुँडा, चायोका सामग्री बनाउने गर्छन् । लेकमा उत्पादन भएका वस्तु बेँसी झरेपछि बिक्री गर्छन् । तमानखोला गाउँपालिका–५ का किसान शेरबहादुर सिर्पाली अघिल्लो वर्ष जेठको तेस्रो साता बुकीपाटन पुगेका थिए । यसपालि बाली लगाउन ढिला हुँदा बल्ल बुकीपाटनका यात्रा गरेको बताए । आफ्ना छिमेकी एक साता अगाडि नै लेक उक्लिएको उनको भनाइ छ ।

'म पनि यतिबेला लेकमा पुगिसक्थेँ, घरमा जहान (श्रीमती) बिरामी छ, बारीमा बालीनाली लगाउनुपर्ने, त्यसले गर्दा एक साता ढिला भयो,' उनले भने, 'एक महिनापछि फेरि बेँसी झर्ने काम छ, बेँसी झर्दा लेकमा साथीहरू हुन्छन्, उनीहरूलाई दुईचार दिन पशुको जिम्मा लगाएर झर्नु पर्ला, अबको दुई दिनमा म बुकीपाटन पुगिसक्छु ।'

ढोरपाटनको बुकीपाटनमा बागलुङका मात्रै नभई रोल्पा, रुकुम, म्याग्दी र डोल्पासम्मका किसानले भेडा लिएर चरनका लागि आउने गर्छन् । ढोरपाटन नगरपालिका–६ का पुनराम अर्दै भने बुकीपाटन पुगिसक्नुभयो । अर्दै जेठ २३ गते नै ढोरपाटन हुँदै बुकीपाटन पुगेको बताए । जेठ २० गते शुभ बार पारेर लेक उक्लिएको उनको भनाइ छ । लेकमा घाँस पलाइसकेको हुँदा अबको एक सातामा बेँसीमा रहेका सबै गोठाला उक्लिसक्ने अर्दै बताउँछन् ।

अर्दैले भने, 'हामी यसरी लेक बेँसी गर्न थालेको तीन÷चार दशक बितिसक्यो, पढाइलेखाइ पनि भएन, देशविदेश पनि गइएन, यही वस्तुभाउ हेर्ने ज्यान पालन गर्नेबाहेक अरु केही गर्न सकिएन, बर्खाभरि लेकमै बस्छौँ, अब असोज लागेपछि बल्ल बेँसी झर्ने हो, अहिले गोठालाहरूले बुकीपाटन भरिन थाल्यो, अबको केही दिनमा भरिभराउ हुन्छ ।' रासस

# भारत छिर्न खोज्ने काजकिस्तानकी महिला छोरासहित पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत–नेपाल सीमास्थित वीरगंजको मुख्य प्रवेशद्वार शंकराचार्य गेटमा नेपाल प्रहरीले काजकिस्तानकी एक महिला र उनका नाबालिग छोरालाई नियन्त्रणमा लिएको छ । प्राप्त जानकारी अनुसार २८ वर्षीया काजकिस्तानकी नागरिक एसेल किडिमोल्डा आफ्नो नाबालिग छोरासहित रक्सौल–वीरगंज मैत्री पुल हुँदै नेपाल प्रवेश गर्न लागेकी थिइन् ।

शंकराचार्य गेटमा खटिएका सुरक्षाकर्मीले नियमित जाँचका क्रममा उनीहरूको यात्रा कागजात परीक्षण गरेका थिए । कागजात जाँचका क्रममा महिलाको भिसा अवधि समाप्त भइसकेको खुल्न आएपछि प्रहरीले तत्काल उनीहरूलाई नियन्त्रणमा लिएको हो । पर्सा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार भिसाको म्याद सकिएको अवस्थामा नेपाल प्रवेश गर्न खोजिएकाले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रियाका लागि आमा– छोरालाई वीरगंजस्थित अध्यागमन कार्यालयको जिम्मा लगाइएको छ । अनुसन्धानपछि प्रचलित आप्रवासन कानुनअनुसार आवश्यक कारबाही अघि बढाइने जनाइएको छ ।

# ७ बिघा सार्वजनिक जग्गा व्यक्तिका नाममा ?

**मधेशदृष्टि**
**बारा ।**
विश्रामपुर गाउँपालिका–५ इटियाहीमा रहेको करिब ७ बिघा सार्वजनिक तथा गौचर प्रयोजनको ऐलानी जग्गा व्यक्तिको नाममा दर्ता गरिएको भन्दै स्थानीय युवाले छानबिन माग गरेका छन् ।

स्थानीयका अनुसार तत्कालीन इटियाही गाविस–९ अन्तर्गत पर्ने जग्गा राम प्रसाद यादव, बृजलाल यादव र जय प्रसाद यादवको नाममा दर्ता भई लामो समयदेखि हकभोग हुँदै आएको छ ।

सार्वजनिक प्रयोजनका लागि राखिएको ऐलानी तथा गौचर जग्गा कसरी व्यक्तिको नाममा दर्ता भयो भन्ने विषयमा निष्पक्ष छानबिन हुनुपर्ने उनीहरूको माग छ । यस विषयमा विश्रामपुर गाउँपालिका र वडा कार्यालयको कुनै ठोस पहल नगरेका भन्दै स्थानीय युवाहरू आन्दोलनको तयारीमा जुटेका छन् ।

युवा अगुवा मुन्ना कुमार पटेल, भोला महतो नुनिया, अमिरका महतो नुनिया लगायतका युवाहरुको सहभागितामा 'सार्वजनिक जग्गा बचाउ प्रस्तावित समिति' तयार भइरहेको जानकारी गराएका छन् ।

# भारतले निकासीमा रोक लगाएपछि चिया उद्योगहरु बन्द

**मधेशदृष्टि**
**इलाम ।**
भारतीय पक्षले नेपाली चिया निकासीमा विभिन्न बहानामा अवरोध सिर्जना गरेपछि सोमबारदेखि इलामका चिया उद्योगहरू बन्द भएका छन् । भारतले गुणस्तर जाँचको बहानामा डेढ महिनादेखि नेपाली चिया निर्यातमा अड्चन खडा गरेपछि उद्योगीहरूले सोमबारदेखि उद्योग बन्द गर्ने निर्णय लिएका हुन् ।

निकासीमा अवरोध हुँदा उत्पादित चियाले बजार पाउन सकेको छैन, जसका कारण चिया गोदाममै बिग्रने जोखिम बढेपछि यस्तो कठोर कदम चाल्न बाध्य भएको व्यवसायीहरूले बताएका छन् । नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताका अनुसार भारतीय चिया बोर्डले हालै जारी गरेको नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) का कारण नेपाली चिया निर्यातमा ठूलो बाधा पुगेको छ ।

पहाडी भेगका अर्थोडक्स चिया उद्योगहरू सोमबारबाट बन्द भएका छन् भने तराईका सीटीसी चिया उद्योगहरू असार ४ गतेदेखि बन्द हुने उनले बताए ।

# रास्वपा महाधिवेशन: सात हजार बढी कुर्सी अट्ने बाँसको 'डोम' बनाइँदै

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशन तयरीका क्रममा सात हजार बढी कुर्सी अट्ने अस्थायी प्रकृतिको सभाहल (डोम) बनाउने काम सुरु भएको छ । असार ७ देखि ९ गतेसम्म पूर्वी–चितवनको रत्ननगरमा हुने पार्टीको तीनदिने महाधिवेशनका लागि टाँडीस्थित होटल स्टारको सभाकक्षसँगै रहेको खाली जमिनमा बाँसको 'डोम' बनाउने काम सुरु भएको हो ।

रत्ननगर नगरपालिका–१ स्थित सो होटलको सभाकक्षसँगै रहेको टिनको टहरालाई जोडेर ३२ हजार ४ सय ८० स्क्वायर फिटको जमिनमा महाधिवेशनस्थल बनाउने काम सुरु भएको हो । रास्वपाका केन्द्रीय सदस्य राजन गौतमका अनुसार सातदेखि आठ हजार कुर्सी अट्ने गरी महाधिवेशनस्थल बनाउने काम धमाधम अघि बढेको छ । डोमको बीचमा २९ फिट र छेउमा १६ फिट अग्लो हुने गरी संरचना बन्ने छ । माथि त्रिपाल लगाउने र १६ फिट सिदा हुने गरी पानी नचुहिने उच्चस्तरको टेण्ट डोममा राखिने छ । नेता गौतमले भने, 'महाधिवेशनका लागि आवश्यक अस्थायी प्रकृतिको सभाहल 'डोम' बनाउने क्रममा बाँस प्रयोग गरी काम अघि बढिरहेको छ । डोमभित्र ७० वटा ठूला पंखा र २० वटा कुलरको व्यवस्था गरिने छ । बाहिरपट्टी टेण्ट राखेर बस्ने ठाउँ बनाउने तयारी गरिएको छ । सँगै रहेको होटल स्टारको ठूलो सभाहललाई आवश्यकताअनुसार प्रयोग गनेगरी निर्माणसम्बन्धी काम धमाधम अघि बढिरहेको छ ।'

उनले भने, 'महाधिवेशनमा आउने सहभागीका लागि सौराहा, रत्ननगर र भरतपुरका होटलमा अवासको प्रबन्ध गरिने छ । सहुलियत दरमा कोठाको व्यवस्थाका लागि होटल व्यवसायीसँग अनुरोध गरिएको छ । सहभागी स्वयंले खर्च बेहोर्ने गरी कोठाको व्यवस्था मिलाउन लागिएको हो ।'

उद्घाटनको दिन नजिक पर्ने टिकौलीचौरमा सवारीसाधन 'पार्किङ' गरी त्यहाँबाट अर्को गाडीले कार्यक्रमस्थलसम्म लाने–ल्याउने व्यवस्था मिलाइएको बताउँदै नेता गौतमले महाधिवेशन उद्घाटन सत्रपछि बिहानदेखि साँझसम्म खानाको व्यवस्था कार्यक्रमस्थलमै गरिएको जानकारी दिए ।

पार्टीको स्थानीय जिल्ला र नगरकमिटी, जिल्लामा रहेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्यहरुको समन्वयमा महाअधिवेशन तयारीको काम भइरहेको स्पष्ट गर्दै नेता गौतमले महाधिवेशन सम्पन्न गर्न गठित १८ वटा उपसमिति आआफ्नो काममा व्यस्त रहेको बताए ।

महाधिवेशन तयारीका सन्दर्भमा पार्टीका प्रवक्ता मनिष झाले स्थानीय जिल्ला कमिटीका तर्फबाट तयारीका काम भइरहेको बताउँदै असार २ गते मङ्गलबारदेखि राष्ट्रिय महाधिवेशनको सचिवालय सञ्चालनमा आउने र असार ४ गतेदेखि पार्टीका पदाधिकारी एवं नेताहरु महाधिवेशनस्थलमै रहने जानकारी दिए ।

पार्टीको उद्घाटन समारोहमा राष्ट्रियस्तरका राजनीतिक पार्टीका प्रमुख र छिमेकी देशका प्रतिनिधिहरूलाई आमन्त्रण गरेको जानकारी दिँदै प्रवक्ता झाले करिब तीन हजार प्रतिनिधि महाधिवेशनमा सहभागी हुने बताए । उद्घाटनपछि दोस्रो दिन विधानमाथि छलफल भई नयाँ नेतृत्व चयन गरी तीनदिने महाधिवेशन सम्पन्न हुने कार्यक्रम रहेको रास्वपाले जनाएको छ ।

# एनसेल ग्राहकलाई अल्टिमा ग्याजेटमा ६० प्रतिशतसम्म छुट, स्मार्टवाचदेखि इयरबडसम्म विशेष अफर



**मधेशदृष्टि**
**काठमाडौँ ।**
एनसेलका ग्राहकहरूले अब अल्टिमा लाइफस्टाइको विभिन्न ग्याजेट खरिद गर्दा ६० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने भएका छन् । एनसेल र अल्टिमा लाइफस्टाइलबीच भएको रणनीतिक साझेदारीअन्तर्गत उक्त विशेष योजना सार्वजनिक गरिएको हो । सम्झौतापत्रमा का चिफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ता र अल्टिमा लाइफस्टाइलका प्रमुख कार्यकारी अधिकृत अमित अग्रवालले हस्ताक्षर गरेका छन् । दुवै कम्पनीले ग्राहकलाई गुणस्तरीय डिजिटल तथा लाइफस्टाइल सामग्री सहज र किफायती रूपमा उपलब्ध गराउने उद्देश्यले सहकार्य अघि बढाएको बताएका छन् । योजना अन्तर्गत रु ९९ वा सोभन्दा माथिको सक्रिय डेटा, भ्वाइस वा कम्बो प्याक प्रयोग गरिरहेका प्रिपेड ग्राहक तथा रेन्टल प्लान सक्रिय रहेका पोस्टपेड ग्राहकहरूले छुट सुविधा प्राप्त गर्न सक्नेछन् । योग्य ग्राहकहरूले अल्टिमाका साउन्डबार, स्पिकर, वायरलेस इयरबड, स्मार्टवाच, पावर बैंकलगायत विभिन्न ग्याजेटमा विशेष छुट पाउनेछन् । यो सुविधा केवल एनसेल एपमार्फत उपलब्ध हुनेछ । छुट प्राप्त गर्न ग्राहकले एनसेल एप खोलेर 'पार्टनर्ड सर्भिस' मा गई 'अलटाइम लाइफस्टाइल' चयन गर्नुपर्नेछ । त्यसपछि मोबाइल नम्बरमार्फत स्वतः योग्यता परीक्षण हुनेछ र ग्राहकले छुटसहितको मूल्य एपमै देख्न सक्नेछन् ।

अल्टिमा लाइफस्टाइलले योजना अन्तर्गत खरिद गरिएका सामग्रीको डेलिभरी नेपालभर उपलब्ध गराउने जनाएको छ । साथै, योग्य नभएका ग्राहकले रु ९९ वा सोभन्दा माथिको कुनै पनि प्याक खरिद गरेपछि उक्त छुट सुविधाको लाभ लिन सक्नेछन् । एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ताले यस सहकार्यले ग्राहकको डिजिटल जीवनशैलीलाई थप समृद्ध बनाउने विश्वास व्यक्त गरे । उनका अनुसार आकर्षक छुटसहित आधुनिक ग्याजेट उपलब्ध गराएर ग्राहकलाई थप मूल्य प्रदान गर्ने उद्देश्यले योजना ल्याइएको हो ।

योग्य प्याक वा रेन्टल प्लान सक्रिय रहेसम्म ग्राहकहरूले यो छुट सुविधा पटक–पटक प्रयोग गर्न सक्नेछन्, जसले स्मार्ट ग्याजेट खरिदलाई अझ सुलभ र किफायती बनाउने अपेक्षा गरिएको छ ।



पशुपतिनाथ मन्दिरमा भक्तजनः काठमाडौँको पशुपतिनाथ मन्दिरमा सोमबार बिहान पूजाआजा तथा दर्शन गर्न आएका भक्तजन । तस्बिर : हरिराम भेटुवाल

# सेफ सन्तोष साहलाई थप ३ दिन म्याद थप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सेफ सन्तोष साहलाई हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अदालतबाट म्याद लिएको छ । साहमाथि अनुसन्धान गर्न जिल्ला अदालतबाट ३ दिनका म्याद लिइएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले बताए ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले साह र उनका दाजु ५८ वर्षीय नारायण साह सुडीलाई शनिबार जनकपुरको रामानन्द चोकबाट पक्राउ गरेर काठमाडौँ लगेको थियो । दुई वटा मुद्दा मध्ये ठगी मुद्दामा अनुसन्धानको लागी प्रहरीले अदालतबाट म्याद लिएको हो ।

साह विरूद्ध ४ लाख ५० हजार ठगी सम्बन्धी कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौँमा जाहेरी दर्ता भएर पक्राउ पुर्जी जारी भएको थियो ।

सिरहाको कर्जन्हा नगरपालिका–९ घर भएर काठमाडौँ बस्ने ४० वर्षीय सन्तोषले मिथिला थाली रेस्टुरेन्ट सञ्चालन गरेका छन् । आर्जव होल्डिङ प्रालिलाई उनले दिएको २५ लाखको चेक नसाटिएको बैंकिङ्ग कसुरमा साहलाई बिगो भराएर १ महिना कैद सजाय हुने फैसला भइसकेको छ । आर्जव होल्डिङ प्रालिले नक्सालमा शिला रेस्टुरेन्ट सञ्चालन गरेको थियो । नक्सालस्थित गैरीधारामा रहेको रेस्टुरेन्ट मिथिला थाली प्रालिले खरिद गरेको थियो । रेस्टुरेन्ट खरिद गर्दा साहले दिएको चेक बाउन्स भएको हो ।

# सप्तरीका सबै पालिकामा मुक्त हरवा–चरवा समुदायको प्रदर्शन हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुक्त हरवा–चरवा समुदायका श्रमिकहरूको श्रम अधिकार सुनिश्चित गर्न, मर्यादित रोजगारीको प्रवद्र्धन गर्न तथा समान कामका लागि समान ज्यालाको व्यवस्था गर्न माग गर्दै सप्तरीका १८ वटै स्थानीय तहमा एकैसाथ जनप्रदर्शन, ¥याली तथा आमसभा आयोजना गरिने भएको छ ।

राष्ट्रिय दलित नेटवर्क, नेपालद्वारा राजविराजमा आयोजित जनवकालत योजना निर्माण कार्यशालाले उक्त निर्णय गरेको हो ।

कार्यशालामा मुक्त हरवा–चरवा अधिकार मञ्च, द फ्रिडम फण्ड तथा साझेदार संस्थाहरू श्रीपुराज सामुदायिक विकास केन्द्र, जनचेतना दलित संगम, सामुदायिक सुधार केन्द्र र दलित जनकल्याण युवा क्लबका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

मुक्त हरवा–चरवा अधिकार मञ्चका महासचिव लागिन्द्र सदाले असार ४ गते 'हरवा–चरवा प्रथाको अन्त्य गरौं, न्यायपूर्ण श्रम सम्बन्ध स्थापना गरौं' भन्ने मूल नारासहित जिल्लाका सबै पालिकामा एकै समयमा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । उनका अनुसार कार्यक्रममा करिब १० हजार मुक्त हरवा–चरवा श्रमिक तथा समुदायका सदस्यहरुको सहभागिता रहनेछ । कार्यक्रममार्फत स्थानीय तहहरूलाई ध्यानाकर्षण पत्रसमेत बुझाइनेछ ।

आयोजकका अनुसार अभियानको उद्देश्य मुक्त हरवा–चरवा समुदायलाई श्रम अधिकार, सम्मानजनक रोजगारी, सामाजिक सुरक्षा तथा आर्थिक पुनस्र्थापनाका विषयमा सचेत गराउनुका साथै स्थानीय सरकारलाई यसप्रति जिम्मेवार र उत्तरदायी बनाउन सहयोग पुर्‍याउनु हो ।

अभियानअन्तर्गत प्रचार–प्रसार गरिने वकालत सामग्रीमार्फत चार प्रमुख मागलाई प्राथमिकताका साथ उठाइनेछ । जसमा आफ्नै रोजाइको काम तथा रोजगारदाता छनोट गर्ने स्वतन्त्रता, समान कामका लागि समान ज्याला, न्यायपूर्ण श्रम सम्बन्धको स्थापना र दण्डहीनताको अन्त्य तथा बिनाज्याला श्रमसहित सबै प्रकारका श्रम शोषणको अन्त्य रहेका छन् ।

द फ्रिडम फण्डका जनवकालत सल्लाहकार बालाराम भट्टराईले अभियानले मुक्त हरवा–चरवा समुदायका श्रम अधिकार, समान ज्याला तथा श्रम शोषणविरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे । उनले समुदायस्तरमा स्वामित्व, सहभागिता र उत्तरदायित्वको भावना विकास गर्न तथा स्थानीय सरकारलाई आवश्यक नीतिगत हस्तक्षेपका लागि प्रेरित गर्न अभियान प्रभावकारी हुने बताए ।

त्यसैगरी द फ्रिडम फण्डका कार्यक्रम सल्लाहकार ब्रह्मदेव रामले स्थानीय सरकारको आगामी नीति, कार्यक्रम तथा बजेटमा मर्यादित श्रम, समान ज्याला र मुक्त हरवा–चरवा समुदायको पुनस्थापनासम्बन्धी कार्यक्रम समावेश गराउन अभियान केन्द्रित हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा श्रीपुराज सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक बिनोदानन्द चौधरी, जनचेतना दलित संगमका कार्यकारी निर्देशक इन्द्र राम तथा विभिन्न पालिकाका हरवा–चरवा अधिकार मञ्चका प्रतिनिधिहरूले अभियानको महत्वबारे धारणा राखेका थिए ।

# जग्गा विवाद समाधान गर्न पाँच सदस्यीय समिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सप्तरीको राजविराज नगरपालिकाभित्र देखिएको जग्गा दर्ता सम्बन्धी विवाद समाधानका लागि संघीय सरकारले पाँच सदस्यीय अध्ययन तथा समाधान समिति गठन गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा समिति गठन गरेको हो । समितिलाई विवादको वास्तविक अवस्था अध्ययन गरी समस्या पहिचान गर्न तथा दीर्घकालीन समाधानका उपायसहित १५ दिनभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ ।

मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार समितिमा नापी विभागका प्रमुख नापी अधिकृत दिनेश काफ्ले, अभिलेख विभागका निर्देशक खिमानन्द आचार्यसहित पाँच जना सदस्य रहेका छन् ।

राजविराज नगरपालिकाको बेटोरी क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयवासीले प्रयोग गर्दै आएको जग्गाको किनबेच तथा दर्ता प्रक्रियामा सरकारले रोक लगाएपछि विवाद चर्किएको हो । जग्गा कारोबार रोकिएसँगै स्थानीयवासीले विभिन्न चरणमा विरोध प्रदर्शन गर्दै आएका छन् ।

सरकारले गठन गरेको समितिले समस्याको कानुनी, प्राविधिक तथा प्रशासनिक पक्षको अध्ययन गरी समाधानका लागि आवश्यक सुझाव प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन